दर्ता नं. ४९९ (२५७८) ०६४/०६५

पान नं.: ३०३७८५४९७

"हाम्रो निरन्तर प्रयास, सुनौलो भविष्यको आभाष"

१८औं वार्षिक साधारण सभा

# वार्षिक प्रतिवेदन-२०८१/०८२
# ANNUAL REPORT-2081/082

## प्रयास बचत तथा ऋण सहकारी संस्था लि.
## PRAYAS SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

Email : prayassaccos@gmail.com
Website : prayascoop.com.np

बुटवल उपमहानगरपालिका-१२, तामनगर, रूपन्देही
फोन नं. : ०७१-४५००३०, ९८५७०११५४७

# सञ्चालक समिति



**भीम बहादुर थापा**
अध्यक्ष
९८५७०३९८३०



**प्रकाशमणी खनाल**
उपाध्यक्ष तथा संयोजकः ऋण लगानी तथा असुली उपसमिति
९८४७०९००१४



**तिर्थराज काफ्ले**
सचिव
९८४७४३२००४



**सिता कंडेल तरामु**
कोषाध्यक्ष
९८४७०५३७१४



**इम ब. खड्का**
सदस्य
९८४७४०८५४९



**झविन्द्र प्र. आचार्य**
सदस्य तथा संयोजकः धितो मूल्याङ्कन उपसमिति
९८४७१३७१७५



**दिपक तिवारी**
सदस्य तथा संयोजकः शिक्षा उपसमिति
९८५७०३४७९९



**नारायण शर्मा**
सदस्य
९८४७१५०३२६



**सिता श्रीस पुन**
सदस्य
९८४७०७७१५२



**सिता थापा**
सदस्य
९८४७०३३१३८



**सुनिता गिरी**
सदस्य तथा संयोजकः महिला विकास उपसमिति
९८४७०७३७५३

# लेखा सुपरीवेक्षण समिति



**मोहन शर्मा पाण्डे**
संयोजक
९८४७२०७८८५



**यम बहादुर क्षेत्री**
सदस्य
९८७०३१८८०



**दुर्गा देवी सारु**
सदस्य
९८४७०७१८३३



## राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची-महाकाली ॥

प्रकृतिका कोटि-कोटि सम्पदाको आँचल ।
वीरहरूको रगतले स्वतन्त्र र अटल ॥

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ॥

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ॥



# भुमिका

रुपन्देही लुम्बिनी प्रदेश प्रदेश अन्तर्गतको एक जिल्ला पूर्वमा नवलपरासी (पश्चिम), पश्चिममा कपिलवस्तु, उत्तरमा पाल्पा जिल्ला र दक्षिणमा भारतको उत्तर प्रदेश पर्दछ । समुद्र सतहबाट १०० मिटरदेखि १२२९ मिटरको उचाईमा रहेको यस जिल्लालाई चुरे क्षेत्र, भावर क्षेत्र, तराई र मधेस गरी ३ भौगोलिक क्षेत्रहरुमा विभाजन गर्न सकिन्छ । राजनैतिक रुपले यस जिल्लालाई ५ निर्वाचन क्षेत्र, १ उपमहानगरपालिका ५ नगरपालिका र १० गाउँपालिकामा विभाजन गरिएको छ धेरै धार्मिकस्थलहरु, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थानहरु, औद्योगिक तथा प्राविधिक क्षेत्रहरु, कृषि, वातावरण तथा जैविक विविधतायुक्त आर्थिक तथा पर्यटकीय महत्वका क्षेत्रहरु यस जिल्लामा रहेका छन् । औधोगिक हबको रुपमा विकास भैरहेको यस जिल्लामा पछिल्लो समय वित्तिय क्षेत्रको समेत तिब्रदर विकास भएको छ । बुटवल उपमहानगरपालिका उत्तरमा पाल्पा जिल्ला पुर्वमा देवदह नगरपालिका र दक्षिणमा तिलोत्तमा र पश्चिममा सैनामैनासँग जोडिएको नेपालकै उत्कृष्ट उपमहानगरपालिकाको रुपमा परिचित छ ।

नेपाली समाजमा सहकारीताको लामो इतिहास रहेको पाइन्छ । ढिकुटी पर्म तथा गुठीको रुपमा संचालित पुर्व सहकारीका स्वरुपहरु तत्कालिन अवस्थामा नेपाली समाजमा प्रचलित थिए । यिनै पूर्व सहकारीहरुलाई संस्थागत स्वरुप दिदै सहकारी प्रणालीलाई आर्थिक तथा सामाजिक विकासको आधारको रुपमा विकास गर्ने र ग्रामिण विकासको उपयुक्त र प्रभावकारी माध्यमको रुपमा सहकारी प्रणालीलाई उपयोग गर्ने अन्तर्राष्ट्रिय प्रयासलाई नेपालमा समेत आत्मसात गरीएको हो । सहकारी नाफाका लागि व्यापारीले जस्तो केवल व्यापार व्यवसाय गर्ने संस्था होइन, न त बैकले जस्तै बैंकिङ्ग मात्र कारोवार गर्ने हो वरु यो समुदायमा आधारित रही, सदस्यकै हितका लागि सदस्य माझ, व्यवसाय गर्ने र सदस्यहरुलाई व्यवसायी, उद्यमशिल, क्षमतावान बनाउने कार्यमा निरन्तर सहयोग गर्ने सवल आर्थिक संस्था हो ।

"व्यक्तीको ऐच्छिक र स्वतस्फुर्त सहभागीताबाट आफ्ना समान आर्थिक, सामाजिक, साँस्कृतिक आवश्यकता र आकाक्षा परिपुर्तीका लागि सामुहिक स्वामित्व र प्रजातान्त्रिक ढंगबाट नियन्त्रीत स्वायत्त उद्यम नै सहकारी हो ।" अन्तराष्ट्रिय सहकारी महासंघ सहकारी व्यवसायको उद्देश्य लक्षित वर्गको सामूहिक सहभागिताबाट स्थानीय स-साना पूँजीहरुको जगेर्नाद्वारा सदस्यहरु स्वयंलाई व्यवसायमा संलग्न गराई सदस्यहरुकै आर्थिक, सामाजिक र साँस्कृतिक विकास गर्ने । कमजोर वर्गको आर्थिक तथा सामाजिक उत्थान गर्ने, साना उत्पादकलाई व्यावसायी बनाउने, स्वरोजगारी र रोजगारी सृजना गरी आयआर्जनमा सहयोग गर्ने हो

## प्रयास सहकारी संस्थाको ऐतिहासिक पृष्ठभुमी

राष्ट्रिय अर्थतन्त्रको अभिन्न हिस्साको रुपमा आफ्नो महत्वको पुष्टि गरिसकेको सहकारी क्षेत्रले आत्मसाथ गरेका मुल्य मान्यता र सिद्धान्त प्रति इमान्दार रहदै अघि बढिरहेको यस सहकारी संस्था २४ सदस्यीय प्रथम भेला वि.सं २०६० बाट सुत्रबद्ध भई हाल २०८२ आषाढसम्म आइपुग्दा १४३९ सदस्यको बृहत समाज बनेको छ । बचत गर्ने र ऋण लिने/दिने संस्थाको रुपमा मात्र सिमित नरही समाजका विविध आयाममा योगदान गर्दै देशको समग्र आर्थिक समृद्धिका लागि सानो भएपनि प्रयास गर्नुपर्छ भन्ने मान्यता शिरोधार्य गरेको यस

संस्थाले सहकारी क्षेत्रमा बिल्कुलै नौलो मानिएको मर्जर अभ्यासको अनुपम नमुना स्वरुप चारपाला सहकारी संस्थासंग मर्जर गरेको इतिहास छ ।

विधिवत स्थापना हुनुपुर्वका ४/५ वर्षमा तामनगरका कर्मठ, लगनशिल,शिक्षित युवा जमातको सहकारी प्रतिको दृढ इच्छा शक्ति र कल्पनाशिलताको सुमधुर उपजको रुपमा आज प्रयास सहकारी सम्पुर्ण स्थानियहरुको लागि सहकारीकै प्रयाय भइसकेको छ । सहभागिताको दुटिकोणमा समावेशी, दैनिक काम कारबाही सञ्चालनको शैलिमा वैज्ञानिक एवं संस्था सञ्चालन तथा व्यवस्थापनमा उच्च शैक्षिक व्यत्तिहरुको सहभागिता र दक्ष जनशत्तिद्धारा कार्यालयका गतिविधि सञ्चालनले यसको आधुनिक संगठनात्मक संरचनालाई स्वतः प्रमाणित गर्दछ । थोपा–थोपा बाट समुन्द्र बनेझ सानो–सानो छरिएर रहेको पुँजिलाई सँकलन गर्न सुरुवात गरी आज प्रया; साकोस नयाँ उचाइ तथा पहिचान बनाउँदै समाजको समग्र रुपान्तरण प्रति कटिबद्ध छ ।

## दृष्टिकोण (Vision)

सामाजिक मुल्यहरुका साथमा समाजसँग सुमधुर सम्बन्ध कायम गर्दै संस्थाका शेयर सदस्यहरुको व्यापार, वाणिज्य, उद्यमशिलमा तथा रोजगारीसँग सम्बद्ध समग्र दैनिक जीवनमा आधारित आर्थिक कारोवारहरु सञ्चालन गर्ने एक वितिय केन्द्र बन्ने ।

## ध्येय : (Mission)

शेयर सदस्यहरुको व्यापार/उद्यमशिलता तथा अन्य कार्यहरुलाई टेवा पुर्याउन ऋण नीतिलाई प्रवर्द्धन एवं सरलीकृत पार्दै उत्पादनशील तथा जिवनोपयोगि सीपमा आधारित पेशा/व्यवसायको पहिचान, उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालन र संस्थाद्धारा गरिने कर्जा प्रवाहबाट लाभान्वित हुँदै सदस्यहरुद्वारा उत्पादित बस्तु तथा सेवालाई प्रोत्साहन गर्दै उल्लेखित दुष्टिकोण (Vission) मा पुगिनेछ ।

## लक्ष्य (Goal)

- गुणस्तरीय सेवा सहित सदस्यहरुका आवश्यकताहरु परिपुर्ति गर्नु ।
- सदस्यहरुमा प्रयास सहकारी प्रतिको विस्वास दिगो पार्दै हरेक आर्थिक पक्षसँग सम्वन्धित कार्य सम्पादन गर्नको लागी यस संस्थालाई पहिलो रोजाइको रुपमा विकास गर्नु ।
- सदस्यहरुको क्षमतामा आधारित व्याजदरमा उत्पादन मुलक कार्यका लागी कर्जा प्रवाह गर्नु ।
- सेयर सदस्यहरुको वचत सुरक्षाको लागी आधुनिक प्रविधिको उपयोग गर्दै उपयुक्त व्याजदर उपलब्ध गराउनु ।
- समाजका मानिसहरुमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने उदेश्यका साथमा विविध सामाजिक कार्यक्रमहरु जस्तै : रक्तदान, स्वास्थ्य शिविर, योग शिविर, अध्ययन अवलोकन भ्रमण, सामाजिक सरसफाइ जस्ता कार्यक्रम आयोजना तथा सन्चालन गर्नु ।
- दैनिक जीवनका महशुल भुक्तानीको साथमा विमा , रेमिटान्स आदि सुविधा व्यवस्थापन गर्नु ।
- एक्काइसौं शताब्दीको प्रतिर्स्धात्मक युगमा सेवा ग्राहीहरुसँग सदभाव कायम गर्दै वितिय सेवा प्रवाह गर्नु ।

## हाम्रो मुल्य मान्यता (Core Values & Principle)

यस प्रयास बचत तथा ऋण सहकारी संस्थाको मुल्य र मान्यता 'प्रयास PRAYAS' नै रहेको छ। जुन मान्यतालाई आत्मसाथ गरी संस्था सधै अगाडी बढ्ने छ।

**Passion (उत्साह)** : हामी हाम्रो परिकल्पना र ध्येय प्रति प्रतिवद छौ र उत्साहका साथ उदेश्य पुरा गर्न लागी परीने छ।

**Reliability (विश्वनियता)** : उच्च गुणस्तरीय सेवा र संस्था प्रतिको विश्वनियता कायम गर्ने

**Accountability (जवाफदेहिता)** : संस्थाको हरेक गतिविधीको सदस्य प्रति जवाफदेही हुने

**Yield for Member Prosperity -सदस्य समृद्धि)** : संस्थाको लाभ सदस्यकै समृदीमा लगाउने

**Adaptable (स्विकार्यता)** : दुर्तदर परिवर्तनशिल वातावरणलाई स्विकार गरी सोही अनुसारका रणनिती लिएर अगाडी बढ्ने

**Social Responsibility (सामाजिक उत्तरदायित्व निर्वाह)** : एकले अनेक र अनेकले एक भन्ने मान्यता साथ सामाजिक उत्तरदायित्व निर्वाह गर्ने

- सदस्यहरुको जीवनको आर्थिक पक्षलाई टेवा दिने उद्देश्यले विभिन्न तालिम, कार्यशाला तथा सचेतना कार्यक्रमहरु सञ्चालन/आयोजना गर्नु।

## Strategic Objectives (रणनैतिक उद्देश्यहरु)

यस बचत तथा ऋण सहकारी संस्थाको परिकल्पना ध्येय र लक्ष्यलाई पछ्याउदै सबल सक्षम र शुसान युक्त पारदर्शि संस्था बनाउन तत्काल गर्नु पर्ने कार्यहरुलाई समेटेर यस संस्थाको तपशिल बमोजीमको रणनैतिक उदेश्यहरु तय गरीएको छ।

- सदस्य संख्या बृद्दी गरी थप व्यवसायीक र आत्मनिर्भर सदस्य बनाउने।
- सहकारीले प्रदान गर्ने बित्तिय सेवालाई प्रविधीमैत्री बनाउदै थप गुणस्तरीय सुरक्षित र प्रभावकारी बनाउने।
- सदस्य केन्द्रित सामाजिक कार्यहरुलाई जोड दिदै समुदायमा संस्थाको पहिचान उच्च बनाउने।
- संचालक तथा कर्मचारीहरुको क्षमता विकासका लागी विविध तालिमहरु संचालन गर्ने।
- सुविधा सम्पन्न बहुउदेश्यीय कार्यालय भवन बनाउने
- साकोस बृदी सुचकहरुको सकारात्मक बृदी गर्दै दिगो र शुसासन युक्त सहकारी संस्थाको रुपमा छबी कायम गर्ने।

दर्ता नं. ४९९(२५७८) ०६४/०६५ फोन नं. ०७१-४५००३०
Email : prayassaccos@gmail.com

# प्रयास बचत तथा ऋण सहकारी संस्था लि.

बुटवल उपमहानगरपालिका-१२, तामनगर, रूपन्देही

पत्र संख्या/च.नं: २०८२।०८३/२७ मिति : २०८२/०५/१४

श्री सम्पूर्ण शेयर सदस्य ज्यूहरु,

**विषय : वार्षिक साधारण सभा सम्बन्धमा**

महोदय,

उपर्युक्त सम्बन्धमा सञ्चालक समितिको मिति २०८२/०५/१४ गतेको निर्णय बमोजिम यस संस्थाको १८औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा आयोजना गर्न लागिएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई उपस्थितिका लागि बिनम्र अनुरोध गर्दछु।

मिति : २०८२ असोज ०४ गते, शनिवार

समय : विहान ११ बजे

स्थान : पिसल्याण्ड पार्टि प्यालेस एण्ड चिल्ड्रेन पार्क, बुटवल-१२, ढवाह

**छलफलका विषयहरु :-**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आ.व २०८१/०८२ को कार्यप्रगति प्रतिवेदन तथा आ.व २०८२/०८३ को नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा।

२. कोषाध्यक्षबाट प्रस्तुत आ.व २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन र आ.व २०८२/०८३ को अनुमानित आय व्यय प्रतिवेदन पारित गर्ने सम्बन्धमा।

३. संस्थाको आ.व २०८१/०८२ को आन्तरीक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन पारित सम्बन्धमा।

४. संस्थाको आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा।

५. शेयर लाभांश र संरक्षित पुँजिफिर्ता कोष वितरण सम्बन्धी प्रस्ताव अनुमोदन सम्बन्धमा।

६ संस्थाको पुनर्लिखित विनियम पारित तथा निर्मित कार्यविधिहरु अनुमोदन सम्बन्धमा।

७. संस्थाको कार्यक्षेत्र, सेवा केन्द्र विस्तार सम्बन्धमा।

८. संस्था एकिकरण गर्ने सम्बन्धमा।

९. वार्षिक साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न शेयर सदस्यबाट प्रतिनिधि चयन सम्बन्धमा।

१०. विविध।

**पुनश्च**

(क) साधारणसभामा उपस्थित हुने शेयर सदस्यहरुलाई दिवा खाजाको व्यवस्था हुनुको साथै Lucky Draw मार्फत घोषित बिजेता शेयर सदस्यलाई आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ।

(ख) २०८१ सालमा S.E.E (कक्षा १०) र S.L.C (कक्षा १२) मा सम्मिलित हाम्रा शेयर सदस्यहरुका सन्तति मध्येबाट उच्चतम G.P.A प्राप्त गर्ने १/१ जना छात्र/छात्रालाई सम्मान गर्ने कार्यक्रम रहेको हुँदा मिति २०८२ भाद्र २७ गतेसम्म कार्यालय समय भित्र ग्रेड सिटको फोटोकपी सहित कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।

(ग) आ.ब २०८१/०८२ को शेयर लाभांश र संरक्षित पुँजिफिर्ता कोष वापतको रकम सबै शेयर सदस्यहरुको ऐच्छिक बचत खातामा जम्मा गरिनेछ साथै उक्त खातामा जम्मा भएको रकम २०८२ असोज ७ गतेदेखि फिर्ता लिन सकिनेछ।

..............................

**भीम बहादुर थापा**

अध्यक्ष

# प्रयास बचत तथा ऋण सहकारी संस्था लि.

**बुटवल उपमहानगरपालिका–१२, तामनगर, रूपन्देही**

## १८औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन-२०८२

यस प्रयास बचत तथा ऋण सहकारी संस्थालि.को १८ औं वार्षिक साधारण सभामा पाल्नु भएका श्रद्धेय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, सल्लाहकारज्यूहरू, संस्थाका संचालक समितिका सहकर्मी साथीहरु, लेखा सुपरिवेक्षक समितिका संयोजक तथा सदस्यज्यूहरु, अन्य विभिन्न उपसमितिका संयोजक तथा सदस्यहरू, कर्तव्यनिष्ठ कर्मचारीहरू साथै सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा संस्थाको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु ।

सहकारीले आत्मसाथ गरेको मुल्य मान्यता र सिद्धान्तप्रति इमान्दार रहदै स्थानीय कर्मठ, लगनशिल, शिक्षित युवा जमातबाट २४ सदस्यीय प्रथम भेला वि.सं.२०६० बाट सुत्रबद्ध भई वि.स. २०६५ सालमा विधिवत रुपमा डिभिजन सहकारी कार्यालय, भैरहवामा दर्ता भई स्थापना गरिएको यस संस्थाले बचत गर्ने र ऋण दिने संस्थाको रुपमा मात्र सिमित नरही समाजका विविध आयाममा योगदान गर्दै आएको छ । देशको समग्र आर्थिक समद्धिका लागि सानो भएपनि योगदान पुऱ्याउने उद्देश्यलाई शिरोधार्य गरेको यस संस्थाले सहकारी क्षेत्रमा बिल्कुलै नौलो मानिएको मर्जर अभ्यासको अनुपम नमुना स्वरुप वि.सं. २०६८ मा चारपाला बचत तथा ऋण सहकारी संस्थासँग मर्जर गरेको इतिहास पनि छ । थोपा-थोपाबाट समुन्द्र बनेझै सानो-सानो छरिएर रहेको पुँजीलाई सकलन गर्न शुरुवातसँगै हालसम्म आइपुग्दा संस्थाको करिब १५ करोड बराबरको बासलात पुँजी जम्मा गर्न सफल भई १४५६ सदस्यको बृहत समाज बनेको छ ।

Financial Action Task Force(FATF) ले गरेको अध्ययन अनुसार हाल नेपाल सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट' मा परेको छ । मुलुकको आर्थिक गतिविधिमा अघोषित मन्दी आउनु, बजार अपेक्षाकृत चलायमान हुन नसक्नु, सहकारी ऐनमा भएको व्यवस्था अनुसार सरकारले कर्जा असुली न्यायाधिकरण, कर्जा सूचना केन्द्रको स्थापना गर्न ढिलाई गर्नु जस्ता कारणले पनि सहकारी क्षेत्रहरुमा समस्याहरु थपिएका छन् । अर्को तर्फ केही सहकारीहरु सदस्य केन्द्रित नभई व्यक्ति तथा सञ्चालक प्रधान हुनु, लहैलहै, होडबाजी र प्रतिस्पर्धामा सञ्चालनमा आउनु, सहकारीका सिद्धान्त पालना नगरी कार्यक्षेत्र बाहिर गई सदस्यता वितरण गर्ने, मापदण्ड पुरा नगरी ऋण लगानी गर्ने र अनुत्पादक क्षेत्रमा अधिक लगानी गर्ने जस्ता कारणले यस्ता सहकारीहरुले जोखिम बहन गर्नुपरेको छ । यस्ता सहकारीका कारण वर्तमानमा आम जनमानसको धारणा सहकारीप्रति सन्तोषजनक रहेको देखिदैन ।

राज्यले अर्थतन्त्रका तीन खम्बे सरकारी, निजी क्षेत्र र सहकारी मध्येको एक महत्वपूर्ण खम्बाको रुपमा सहकारी क्षेत्रलाई लिएको छ । सहकारी शेयर सदस्य नै सहकारीका सदस्य र मालिक समेत हुन् । जसमा संस्थाका संस्थापक, सञ्चालक तथा कर्मचारी समेत स्थानीय व्यक्ति नै हुन्छन् । सहकारी संस्थाले स्थानीय व्यक्तिमा बचत गर्ने बानी विकास गर्ने, बचत संकलन, परिचालन गरी उद्यमशीलता विकास गर्ने तथा गरिबी निवारणमा योगदान पुऱ्याएको छ । सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ ले

सहकारी क्षेत्रमा देखिएका समस्या तत्काल समाधान गर्ने उद्देश्यका साथ कर्जा सूचना केन्द्र स्थापना, नियामक निकायका रुपमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना, बचत तथा ऋण सहकारी संस्थाले कर्जा सुरक्षण कोषको सदस्यता लिनुपर्ने, कारोबारको सीमा तोकिनु, पदाधिकारीको कार्यवधि तोकिनु जस्ता सकारात्मक पक्षले हाल सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्ने अपेक्षा गर्न सकिन्छ ।

'एकका लागि सबै र सबैका लागि एक' भन्ने भावनाबाट जागृत भई सदस्यलाई आत्मनिर्भर र सशक्त बनाउने उद्देश्य सहित स्थापना भएको यो संस्थाले समाजमा छरिएर रहेको स-साना पूँजीलाई बचत गर्ने तथा त्यस्तो रकम संकलन गरी हुने लगानीले सदस्यहरु स्वयंलाई व्यवसायमा संलग्न गराई सदस्यहरुकै आर्थिक, सामाजिक र सास्कृतिक विकास गर्ने, साना उत्पादकलाई व्यवसायी बनाउने, स्वरोजगारी र रोजगारी सिर्जना गरी आयआर्जनमा सहयोग गर्दै संस्था अगाडि बढेको छ । सही नियमन, पारदर्शिता, सुशासन र सदस्यहरुको सक्रिय सहभागिताका कारण संस्थाले तोकिएको आफ्नो वार्षिक योजना र लक्ष्य अनुसारको उपलब्धीहरु हासिल गर्न सफल भएको छ ।

**२०८१ श्रावण १ गते देखि २०८२ आषाढ ३२ गते सम्मको महत्वपूर्ण निर्णयहरु र कार्य प्रगतिहरू यहाँहरू समक्ष पेश गर्न अनुमति चाहन्छु ।**

१. **नीति तथा कार्यविधिहरू:** संस्थामा सुशासनमा कायम गर्नको लागि साधारण सभाद्वारा प्रत्यायोजित अधिकार बमोजिम सञ्चालक समितिद्वारा निर्मित देहाय बमोजिमका नीति तथा कार्यविधिहरू निर्माण गरी अनुमोदनका लागि सभामा पेश गर्न चाहन्छु ।

| **नीति तथा कार्यविधि** | **निर्णय मिती** |
|---|---|
| बालहित बचत सम्बन्धी कार्यविधि-२०८१ | २०८१/११/१० |
| सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदान सम्बन्धी कार्यविधि-२०८१ | २०८१/११/१० |
| गुनासो तथा सुझाव व्यवस्थापन कार्यविधि २०८१ | २०८२/०३/२१ |
| संस्थाको पुर्नलिखित विनियम २०८२ | सम्पन्न |

२. **संस्थाको भवन निर्माण प्रक्रिया:** लगातारको संस्थाको वार्षिक साधारण सभाबाट प्राप्त म्यान्डेट अनुसार मिति २०८१/१०/१२ गतेको सञ्चालक समितिको बैठकबाट भवन निर्माण प्रक्रियालाई अगाडी बढाउनका लागि समग्र आर्थिक पक्षको अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन पेश गर्नका निम्ति सल्लाहकार संयोजक श्री सुर्य बहादुर राना, सदस्यहरु श्री मोहन शर्मा पाण्डे, श्री सिता कंडेल तरामु, श्री दिपक तिवारी, श्री नारायण शर्मा सहितको कार्यदल गठन भएकोमा सो कार्यदलले मिति २०८१/११/१४ गतेको सञ्चालक समितिको विशेष बैठकमा सुझाव सहितको प्रतिवेदन पेश गरेको थियो । विगत ३ आ.व.को आर्थिक अवस्थाको तुलनात्मक विश्लेषण र अगामी २ वर्षको आर्थिक अवस्थाको प्रक्षेपण सहित विश्लेषण गरी हेर्दा जगेडाकोषको अवस्था, नाफा नकमाउने सम्पत्तिको बृद्धिले हुन जाने नाफामा गिरावट, लाभाश दर घट्न सक्ने जस्ता पक्षहरुको प्रभावको गहन विश्लेषण गरी योजना सहित, भवन निर्माण गरिसकेका सहकारी संस्थाहरुको अनुभव लिई प्राविधिक सल्लाह अनुसार एक तल्ले भवन निर्माण गर्न सकिने सुझाव समेटिएको प्रतिवेदन प्राप्त भएको थियो । यसैक्रममा संस्थाका भवन निर्माण सम्पन्न भएका सहकारी संस्थाको भ्रमण समसामयिक विषयहरुमा छलफल तथा अनुभव आदानप्रदान गर्ने उद्देश्यका साथ सहकारी संस्थाहरुसँगको अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

**प्रथम चरणः** मिति २०८१/१२/१४ गते दिउँसो २ बजे अध्यक्ष श्री भीम बहादुर थापाको नेतृत्वमा सल्लाहकार श्री सुर्य बहादुर राना, कोषाध्यक्ष श्री सिता कंडेल तरामु, सञ्चालकहरु श्री भविन्द्र प्रसाद आचार्य र श्री दिपक तिवारी, व्यवस्थापक श्री शेषदत्त थारु सहितको समूह श्री नमुना महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. बुटवल-१५, अध्यक्ष श्री जमुना उपाध्याय र व्यवस्थापक श्री मञ्जु गोदारसँगको अर्न्तक्रिया, श्री समीप बचत तथा ऋण सहकारी संस्था लि. सियारी-७, मा अध्यक्ष श्री सुर्य नारायण यादव, व्यवस्थापक श्री इन्द्र कुमारी रानाभाटसँग अर्न्तक्रिया, श्री शुद्धोधन बचत तथा ऋण सहकारी संस्था लि. सियारी-७, मा उपाध्यक्ष श्री कृष्ण नेपाल, व्यवस्थापक श्री सुमन घिमिरेसँगको अर्न्तक्रिया सम्पन्न भएको थियो ।

**दोस्रो चरणः** मिति २०८१/१२/२८ गते दिउसो १ बजे अध्यक्ष श्री भीम बहादुर थापा, सल्लाहकारहरु श्री सुर्य बहादुर राना र श्री होमनाथ पौडेल, लेखा सुपरिवेक्षण संयोजक श्री मोहन शर्मा पाण्डे, सचिव श्री तिर्थराज काफ्ले, कोषाध्यक्ष श्री सिता कंडेल तरामु, सञ्चालकहरु श्री भविन्द्र प्रसाद आचार्य, श्री दिपक तिवारी र श्री नारायण शर्मा, व्यवस्थापक श्री शेषदत्त थारु सहितको समूह श्री एकता बचत तथा ऋण सहकारी संस्था लि. बुटवल-६, मा अध्यक्ष श्री सावित्रा टण्डन, व्यवस्थापक श्री नारायण प्रसाद सुवेदीसँग अर्न्तक्रिया र श्री मिलीजुली बचत तथा ऋण सहकारी संस्था लि. बुटवल-८, मा अध्यक्ष श्री पुरुषोत्तम भक्त प्रधानाङ्ग, व्यवस्थापकः श्री हरि रावलसँग अर्न्तक्रिया सम्पन्न भएको थियो ।

अर्न्तक्रियाको उपलब्धी स्वरुप निर्माण प्रक्रियामा सदस्यहरुको सहभागिता सुनिश्चित गर्दै निर्माण उपसमिति, खरिद उपसमिति र अनुगमन उपसमिति गठन गर्ने, शेयर सदस्यहरुका संलग्नतामा आवश्यक बस्तु तथा सेवाको आपूर्तिमा प्राथमिकता साथ अगाडि बढ्नु पर्ने सुझावलाई आत्मसात गर्दै सोही अनुसार रणनीतिक व्यावसयिक योजना निर्माण गरी अगाडि बढ्को, संस्थाको एक तले भवनको नक्सा तथा डिजाइन बुटवल उपमहानगरपालिकाबाट मिति २०८२/०३/०४ गते स्वीकृत प्राप्त भएको जसको राजश्व तथा शुल्कहरु जम्मा रु.७०,९६७- (अक्षरेपि सत्तरी हजार नौ सय सढसी रुपैया मात्र) भुक्तानी भएको जानकारी सहित लगत्तै आइरहेको वर्षायाममा उच्च जोखिम रहने हुँदा वर्षायाम समाप्त भए पश्चात निर्माण कार्य अगाडि बढाउने निर्णय भएको जानकारी गराउदछु ।

३. **मोबाइल सफटवेयरः** आधुनिक प्रविधियुक्त सेवालाई सर्वसुलभ तरिकाले सदस्यहरूको घरदैलोमा नै पुऱ्याउने संस्थाको प्रतिवद्धता अनुसार टेलिफोन, विद्युत, पानी, इन्टरनेट बिल भुक्तानी आदि जस्ता नियमित उपभोग्य महशुल भुक्तानीहरू सँगै रकम बैङ्कमा जम्मा वा भुक्तानी गर्न सदस्य स्वयमले घरमै बसी गर्न सकिने व्यवस्थाका लागि संस्थाले आफ्नो शेयर सदस्यहरुको सुविधालाई ध्यानमा राख्दै एचबथबक :यदषभ ब्उउको जडान गरेको छ । वार्षिक नविकरण शुल्क २८,८२५।- भुक्तानी गरिएको र यो सेवा लिने प्रयोगकर्ताको संख्या २६६ सदस्य रहेको जानकारी गराउदछु ।

४. **सहकारी शिक्षा तालिम तथा अर्न्तक्रियाः** सहकारीका सिद्धान्त, मुल्यमान्यता, नीति नियम, बचत र ऋणको विषयमा संस्थाले समाजमा पारेको प्रभाव सम्बन्धी विषयमा सहकारी शिक्षा तालिम तथा अर्न्तक्रिया कार्यक्रम संस्थाका शेयर सदस्यलाई लक्षित गरी तपसिलको मिति, स्थान र सहभागितामा सम्पन्न गरिएको जानकारी छ ।

| क्र.सं | कार्यक्रम मिति | स्थान | प्रशिक्षकको नामावली | उपस्थित संख्या |
|---|---|---|---|---|
| १ | २०८१/०५/०८ | बुद्ध पार्कको सभाहल, तामनगर | श्री भगवती आचार्य, श्री प्रदिप पौड्याल | ४८ जना |
| २ | २०८१/०९/१० | शिवपुरी पितृ स्मृति धाम, सक्रिय टोल | श्री दिपक तिवारी श्री तारा पौडेल मरासिनी | ४८ जना |
| ३ | २०८२/०२/१५ | श्री सरस्वति माध्यमिक विद्यालय, तामनगर | श्री दिपक तिवारी श्री तारा पौडेल मरासिनी | ५६ जना |

५. **समवेदना तथा श्रद्धान्जली:** शेयर सदस्य वा शेयर सदस्यको एकाघर परिवारको सदस्यको मृत्यु हुँदा शेयर सदस्यको घरमा किरियामा बसेकै समयमा हामी सहभागि भई संस्थाको तर्फबाट मृतकको परिवारप्रति समवेदना र दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै किरिया खर्च स्वरुप सामाजिक ऋण प्रदान गरिएको छ । सामाजिक ऋणअधिकत्तम ३ महिनासम्मका लागि निर्ब्याजी रुपमा रु. ३०,०००।- का दरले तपसिलका शेयर सदस्यलाई प्रदान गरिएको जानकारी गराउन चाहन्छु ।

| क.सं. | सदस्यता नं. | सदस्यको नामथर | कैफियत |
|---|---|---|---|
| १ | ६७५ | श्री हरि प्रसाद आचार्य | |
| २ | १५५० | श्री पर्शुराम चौधरी थारु | |
| ३ | १५ | श्री इश्वरी प्रसाद रेग्मी | |
| ४ | ४४ | श्री यम बहादुर क्षेत्री | |
| ५ | १५८८ | श्री लेखमाया काफ्ले | |
| ६ | १२७५ | श्री डिल बहादुर क्षेत्री | |
| ७ | ४४० | श्री सन्तोषी श्रेष्ठ | |
| ८ | १२९ | श्री विमल खरेल | |

६. **उद्यमी सदस्य भेटघाट सम्बन्धमा:** वार्षिक कार्यकम अनुसारको उद्यमी सदस्य भेटघाट कार्यक्रममा संस्थाबाट प्रवाह गरिएको ऋणबाट आफ्नो व्यापार, व्यसायको शुरुवात एवम् विस्तार गर्दै आय आर्जनमा वृद्धि गर्दै मुनाफा समेत आर्जन गर्न सफल हुनु भएको उद्यमी शेयर सदस्यहरुसँग तपसिलको समय र स्थानमा भेटघाट गरियो ।

**प्रथम चरण:** २०८१/०६/२२ गते विहान ७ बजे अध्यक्ष श्री भीम बहादुर थापाको नेतृत्वमा सचिव तिर्थराजकाफ्ले, कोषाध्यक्ष श्री सिता कंडेल, सञ्चालक श्री झविन्द्र प्रसाद आचार्य, श्री दिपक तिवारी, श्री सिता थापा, श्री सिता श्रीस पुन र व्यवस्थापक श्री प्रदिप पौड्यालको समूह बुटवल-१२, तामनगर स्थित रोयल चारपाला रेष्टुरेन्ट, होटल द तारा, छवि किराना पसल, होम मोबाइल मर्मत केन्द्र, हयाप्पी मिस्ठान भण्डार, गुडडु फ्रेस हाउस, मिलिजुली भैसी फार्म, कृष्ण हेल्थ क्लिनिक, तिलोत्तमा-०३, विष्णु पुरा स्थित भुषाल पशु फार्म, सैनामैना-४, पर्रोहा स्थित दिवश च्याउ फार्म लगायत उद्यमीहरुको ठेगानामा गई प्रत्यक्ष भेटघाट गरिएको थियो ।

**दोस्रो चरण :** संयोजनमा मिति २०८२/०२/१७ गते विहान ७ बजे ऋण लगानी तथा असुली उपसमितिको समन्वयमा अध्यक्ष श्री भीम बहादुर थापा, उपाध्यक्ष श्री प्रकाशमणी खनाल, कोषाध्यक्ष श्री सिता कंडेल, सञ्चालक श्री झविन्द्र प्रसाद आचार्य, ऋण उपसमिति सदस्य श्री पार्वती श्रेष्ठ र व्यवस्थापक श्री शेषदत्त थारुको समूह बुटवल-०३, योगिकुटी स्थित शशी खनाल, सैनामैना-०६,

कलौनी स्थित पुष्पा गिरी, सैनामैना-११, जरलैया स्थित कृष्ण बहादुर घर्ती मगर लगायत अन्य उद्यमीहरुसँगको उपलब्धीपूर्ण भेटघाट गरिएको थियो ।

७. **नेपस्कुनमा प्रतिनिधि :** २०८१/०९/०५ र ६ गतेको नेपाल बचत तथा ऋण सहकारी संघ लिमिटेडको ३३ औं वार्षिक साधारण सभामा बुटवल स्थित बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (BICC) मा सञ्चालित सभामा संस्थाको तर्फबाट प्रतिनिधिको रुपमा अध्यक्ष श्री भीम बहादुर थापा सहभागी हुनु भएको थियो ।

८. **सदस्यता राहतः** सदस्यता राहत कार्यक्रम कार्यविधि-२०७८मा व्यवस्था भए अनुसार संस्थाका तपसिलका सदस्यहरुको अप्रत्याशित निधन भएकोमा दिवङ्गत सदस्यकै निवासमा प्रत्यक्ष उपस्थित भई दिवङ्गत हुनुभएका देहाय बमोजिम शेयर सदस्यहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पणसहित शेयर सदस्य राहत कोष मार्फत राहत रकमको चेक परिवारको सदस्यलाई प्रदान गरिएको जानकारी गराउँदछु ।

| क.सं. | सदस्यता नं. | सदस्यको नामथर | राहत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १४६१ | सत्य नारायण थारु | ५,०००।- | |
| २ | १०४९ | चुरामणि राना | १०,०००।- | |
| ३ | ५७३ | टिकाराम कंडेल | २०,०००।- | |
| ४ | ७१५ | डिल बहादुर थापा | २०,०००।- | |
| ५ | ९०३ | धन माया थापा | १०,०००।- | |
| ६ | १९७ | हरिहर गुप्ता | २०,०००।- | |
| | | **जम्मा** | **८५,०००।-** | |

९. **व्यवस्थापन प्रशिक्षार्थि (इन्टर्नसिप):** सेवा प्रदायक संस्थाको रुपमा विकसित गराउँदै संस्थामा निरन्तर रुपमा दैनिकी कार्य सम्पादन गर्न र संस्थाको आर्थिक भारलाई कम गर्ने उद्देश्यले संस्थाका सदस्य वा सदस्यको छोरा वा छोरीलाई ३ महिने इन्टर्नसिपको व्यवस्था गरिएकोमा यस वर्ष राहुल राना, साजन अर्याल, सुमन पौडेल र बाल कुमारी श्रीसलाई दिएको जानकारी गराउन चाहन्छु ।

१०. **कर्मचारी व्यवस्थापनः** संस्थाको 'मानव संसाधन कार्यविधि-२०७९' ले निर्देशित गरे बमोजिम कर्मचारी व्यवस्थापन गरिएको छ । यस संस्थामा व्यवस्थापक पदमा रही आफ्नो उच्च कोटीको कार्य कुशलता प्रदर्शन गर्नु भएका श्री प्रदिप पौड्याल उहाँको व्यक्तिगत कारणले मिति २०८१/०८/१६ देखी २०८२/०३/१६ सम्म संस्थाबाट विदा भएको भएपनि मिति २०८२/०३/१७ देखी यस संस्थाको साविक पदमा रही कार्य गर्न ईच्छुक रहेको उल्लेख गर्दै निवेदन पेश गर्नु भएकोले उहाँको विगतको संस्थाप्रतिको लगाव, परीणाम केन्द्रित प्रदर्शन, नेतृत्व र समन्वय क्षमता प्रदर्शन र समर्पणको उच्च मुल्याङ्कन गर्दै निज प्रदिप पौड्याललाई चार वर्षका लागी व्यवस्थापक पदमा नियुक्ति गरिएको छ साथै हाल देहायका प्रकृति र संख्यामा कर्मचारी कार्यरत रहेको छन् ।

| क.सं | प्रकृति | संख्या | कैफियत |
|---|---|---|---|
| १ | स्थायी | ३ | |
| २ | करार(प्रशिक्षार्थी) | १ | |
| ३ | अस्थायी आंशिकालिन | १ | |
| | **जम्मा** | **५ जना** | |

**११. विविध विधामा सम्मान :** १७ औं वार्षिका साधारण सभाको अवसरमा देहायका व्यक्तिहरुलाई देहायका विधामा नगद तथा प्रमाणपत्रका साथ सम्मान गरिएको थियो ।

- असल बचतकर्ता : श्री रमेश कुमार खनाल र श्री गंगा कुमारी थापा
- असल उद्यमी : श्री गंगादत्त पाध्या
- जेष्ठ सदस्यहरु : श्री शक्तिमान श्रेष्ठ र श्री बसन्ता देवी खनाल
- एस.इ.इ. २०८० उत्कृष्ट विद्यार्थीहरु : श्री विश्व बन्जाडे र सुवेक्षा पुरी
- एस.एल.सी. (कक्षा १२) २०८१ उत्कृष्ट विद्यार्थीहरु : श्री सृजना राना र सौराज ठकुरी
- बाल बचत कर्ताहरु : श्री निशान्त थापा र श्री सिमरन राना
- अधिक सदस्य थप गर्न सफल कर्मचारी : श्री प्रदिप पौड्याल

**१२. सेवा क्षेत्र विस्तारः** संस्थाको कार्यक्षेत्र रुपन्देही जिल्ला भरी विस्तार गर्ने साथै एक सेवा केन्द्र विस्तार गर्ने योजना मुताबिक प्रक्रिया तिब्र रुपमा अगाडी बढाइएको भएतापनि नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०८० कार्तिक २३ गतेको निर्णयमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी संघ, प्रदेश र स्थानीय तहबाट कुनैपनि प्रकृतिको सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा लगाइएको रोकका कारण स्वीकृति प्राप्त गर्न नसकिएको जानकारी गराउन चाहन्छु ।

**१३. 'विद्यालयमा वित्तीय साक्षरता'** विद्यार्थीमा वित्तीय चेतना, ज्ञान र सिपको अभिवृद्धि गर्दै पैसाको महत्व बुझ्न र त्यसको उचित व्यवस्थापन गर्ने शिक्षा प्रदान गर्ने उद्देश्यका साथ मिति २०८१/१०/२८ गते श्री सरस्वती माध्यामिक विद्यालय, तामनगरमा कक्षा ९ मा अध्ययनरत ३६ जना विद्यार्थीहरुलाई संस्थाका व्यवस्थापक श्री शेषदत्त थारुले प्रशिक्षण गर्नुभएको थियो ।

**१४. शेयर सदस्य अवलोकन भ्रमणः** सहकारीलाई उत्पादनसँग जोड्ने हेतुले मिति २०८१ फागुन १६ र १७ गते भ्रमण कार्यदलका संयोजक श्री प्रकाशमणी खनाल, सदस्यहरु श्री तिर्थराज काफ्ले, श्री झविन्द्र प्रसाद आचार्य, श्री सिता कंडेल र दिपक तिवारीको संयोजनमा बाके जिल्लाको धार्मिक स्थल नेपालगन्ज, बर्दिया जिल्लाको बर्दिया राष्ट्रिय निकुन्ज र कैलाली जिल्लाको टिकापुर पार्कमा ८० जना शेयर सदस्य र ४ जना बालहित बचतकर्ता गरी ८४ जनाको सहभागितामा अवलोकन भ्रमण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको थियो ।

**१५. रणनीतिक योजना निर्माण :** उपाध्यक्ष श्री प्रकाशमणी खनालको संयोजकत्वमा गठित कार्यदलका सदस्यहरु श्री तिर्थराज काफ्ले, श्री सिता कंडेल तरामु, श्री झविन्द्र प्रसाद आचार्य र श्री सुनिता गिरीद्वारा तयार पारिएको ४ वर्षिय व्यावसायिक रणनीतिक योजनाको मस्यौदा माथि मिति २०८१/१२/०२ गते सञ्चालक समिति, सल्लाकार समिति, लेखा समिति, विभिन्न उपसमितिहरु र कर्मचारीहरुको संयुक्त बैठकबाट छलफल गरी भावी आ.व. २०८२/८३ देखि आ.व. २०८५/८६ सम्मको ९ बुदे रणनीतिक उद्देश्यसहितको दीर्घकालीन योजना निर्माण तथा पारित गरिएको थियो ।

**१६. सदस्यसँग प्रयास साकोसः** मिति २०८१/१२/१६गते 'मर्यादित सहकारी, समुन्नत समाज' भन्ने मूल नारा बोकेको '६८औं राष्ट्रिय सहकारी दिवस' को अवसारमा एक दिवसीय शेयर सदस्यसँग प्रयास सहकारी भन्ने अर्न्तक्रिया कार्यक्रम पूर्व सैनिक कल्याणकारी क्लबको सभाहलमा लुम्बिनी प्रदेश सहकारी संघ लिमिटेडका लेखा संयोजक श्री कृष्ण चौहानका प्रमुख आतिथ्यतामा, संस्थाको हालसम्मको वित्तीय अवस्था र सेवासुविधाको विषयमा कोषाध्यक्ष श्री सिता कंडेल तरामुले र प्रयास मोबाइल एप्सको प्रयोग सम्बन्धी जानकारी व्यवस्थापक श्री शेषदत्त थारुले गर्नुभएको उक्त कार्यक्रममा सञ्चालक,

सल्लाहकार, विभिन्न उपसमिति, कर्मचारी र शेयर सदस्य गरी ८८ जना उपस्थितिमा भव्य रुपमा सम्पन्न गरिएको थियो ।

१७. **महिला हिंसा सम्बन्धी जनचेतनामुलुक कार्यक्रमः** ११५औं अन्तर्राष्ट्रिय नारी दिवसको पूर्व सन्ध्यामा 'महिला हिंसा सम्बन्धी जनचेतनामुलुक कार्यक्रम' मिति २०८१/१२/२३ गतेका दिन संस्थाको महिला विकास उपसमितिको आयोजनामा विभिन्न टोल विकास संस्थाका अध्यक्षहरुको आतिथ्यता र संस्थाका विभिन्न समिति तथा उपसमितिमा रहनुभएका सदस्यहरु तथा कर्मचारीहरुको सहकार्यमा करिब ६० जना महिला शेयर सदस्यहरुको सहभागिता रहेको कार्यक्रमको सहजीकरण सामाजिक अभियान्ता श्री लता खड्काले गर्नुभएको कार्यक्रम तामनगर सामुदायिक सिकाई केन्द्रको सभाहलमा सफल रुपमा सम्पन्न गरिएको थियो ।

१८. **भित्ते पात्रो (क्योलण्डर):** विगतका बर्षहरु जस्तै नयाँ वर्ष २०८२ को उपलक्ष्यमा संस्थाको भितेपात्रो (क्यालेण्डर) संस्थाका वार्षिक कार्यक्रम र उपलब्धीहरु समावेश गरीसचिवश्री तिर्थराज काफ्लेको संयोजनमा सदस्यहरु श्री झविन्द्र प्रसाद आचार्य र श्री सिता थापाको सहयोगमा १,२०० प्रति भित्ते पात्रो प्रकाशित गरी निःशुल्क वितरण गरिएको छ ।

१९. **क्षमता अभिवृद्धि कार्यशाला गोष्ठीः** सञ्चालक समिति, सल्लाहकार समिति, लेखा समिति, विभिन्न उपसमितिहरु एवम् कर्मचारीहरुको ज्ञान, सीप, व्यवस्थापन क्षमता अभिवृद्धि तथा विद्यमान परिमार्जित सहकारी ऐन, नियम, मापदण्डको विषयमा केन्द्रित रही संस्थाको सञ्चालन अझ प्रभावकारी ल्याउने उद्देश्यका साथ मिति २०८२/०२/३१ गते सञ्चालित एक दिवसीय क्षमता अभिवृद्धि कार्यशाला गोष्ठी जिल्ला सहकारी सङ्घ, रुपन्देहीका महासचिव श्री दामोदर पङ्गेनीको सहजीकरणमा महत्वपूर्ण कार्यक्रम सफल रुपमा सम्पन्न भएको थियो ।

२०. **सुत्केरी भेटघाट कार्यक्रमः** "जन्मदेखि मृत्युसम्म, प्रयास साकोस घरसम्म" कार्यक्रम अर्न्तगत संस्थाको सुत्केरी भेटघाट महिला उप-समितिको संयोजनमा शेयर सदस्यहरुको शिशु जन्मको खुशियालीमा सदस्यहरुको घर ठेगानामा गई शुभकामना तथा बधाई ज्ञापन गरी पौष्टिक आहार प्रदान गर्दै नवजात शिशुको निःशुल्क बाल बचत खाता खोल्ने र सो खातामा बाल बचत कर्ताहरुका लागि रु. १,०००/- (एक हजार सय) बराबरको जन्मदिनको उपहार स्वरुप संस्थाले रकम जम्मा गर्ने व्यवस्था भए बमोजिम यस आ.व.मा तपसिलका शेयर सदस्यहरुलाई जम्मा रु.२२,०००।- बराबरको सुविधा प्रदान गरिएको छ ।

| क.सं. | सदस्यता नं. | सदस्यको नामथर | बालबचतकर्ताको नामथर |
|---|---|---|---|
| १ | १०२७ | मनिषा खाँड शाही | रेहान र रियान प्रधान |
| २ | १४४५ | यमुना पाण्डे के.सी | आर्विप के.सी |
| ३ | १२१७ | विमला थापा | सविर जि.सी |
| ४ | १३५६ | एलिना प्रधान | आकाङ्क्षया श्रेष्ठ |
| ५ | ११४९ | संगिता घर्ति मगर | प्रशान्त घर्ति मगर |
| ६ | १०७७ | टेकसरा विश्वकर्मा | एलेक्स वि.क |
| ७ | ९९७ | प्रतिमा उपाध्याय | आशिरवाद अर्याल |
| ८ | ११६१ | फुरीमाया तामाङ | दोर्गे नमगेल तामाङ |
| ९ | ७१८ | कल्पना पोखेल | ओजस्वी बस्याल |
| १० | ७९१ | आरती न्यौपाने | सिवान्स सुवेदी |
| ११ | १५५८ | मिना खनाल | युविन बस्नेत |

२१. **तालिमः** सहकारी क्षेत्रमा आएका नयाँ-नयाँ प्रविधि, ज्ञान तथा सिपको विकास र वर्तमान अवस्थामा देखिएको समस्याको समाधान गर्ने क्षमताको विकास गर्नविभिन्न संस्थाद्धारा आयोजित तालिममा तपसिल बमोजिमको सहभागी हुनु भएको थियो ।

| क.सं. | सहभागीको नाम | तालिम शीर्षक | तालिमको अवधि | तालिम प्रदायक संस्था |
|---|---|---|---|---|
| १ | अध्यक्ष श्री भीम बहादुर थापा | Pre Leadership & Fit & Proper Orientation | २०८१/०७/०९ | रुपन्देही बचत संघ |
| २ | सचिव श्री तिर्थराज काफ्ले | | | |
| ३ | कोषाध्यक्ष श्री सिता कंडेल तरामु | धितो मुल्याङकन, ऋण लगानी र असुली सम्वन्धी तालिम | २०८१/०८/१३, १४ र १५ | जिल्ला सहकारी संघ, रुपन्देही |
| ४ | सञ्चालक श्री सुनिता गिरी | महिला उद्यमशीलतामा विकासमा सहकारीको भुमिका | २०८१/०८/१४ | रुपन्देही बचत संघ |
| ५ | व्यवस्थापक श्री शेषदत्त थारु | सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी तालिम (GoAML) | २०८१/११/१३ | जिल्ला सहकारी संघ, रुपन्देही |
| ६ | व्यवस्थापक श्री शेषदत्त थारु | वित्तीय परामर्श तालिम | २०८२/०१/१५ र १६ | नेफ्स्कून |
| ७ | सञ्चालक श्री सिता श्रीस पुन | साकोसमा महिला सशक्तिकरण | २०८२/०२/१८ | प्रोस्फुन |
| ८ | सञ्चालक श्री सुनिता गिरी | | | |
| ९ | अध्यक्षा श्री भीम बहादुर थापा | संसोधित सहकारी ऐन नियामकीय निर्देशन, मापदण्ड कार्यान्वयन सम्बन्धी अभिमुखिकरण तालिम | २०८२/०२/१९ | जिल्ला सहकारी संघ, रुपन्देही |
| १० | सल्लाहकार श्री सुर्य बहादुर राना | | | |
| ११ | अध्यक्ष श्री भीम बहादुर थापा | कर्जा लगानी तथा असुली व्यवस्थापन तालिम | २०८२/०२/२२ | राष्ट्रिय सहकारी बैंक लि., बुटवल |
| १२ | व्यवस्थापक श्री शेषदत्त थारु | | | |
| १३ | अध्यक्ष श्री भीम बहादुर थापा | सम्पत्ति शुद्धिकरण GoAML Reporting सम्बन्धी तालिम | २०८२/०२/२८ | जिल्ला सहकारी संघ, रुपन्देही |
| १४ | सचिव श्री प्रकाशमणि खनाल | | | |
| १५ | व्यवस्थापक श्री शेषदत्त थारु | वार्षिक खातावन्दी सम्बन्धी तालिम | २०८२/०३/०७ | जिल्ला सहकारी संघ, रुपन्देही |
| १६ | लेखा संयोजक श्री मोहन शर्मा पाण्डे | लेखा सुपरिवेक्षण समितिको क्षमता विकास तालिम | २०८२/०३/१४ | जिल्ला सहकारी संघ, रुपन्देही |
| १७ | लेखा सदस्य श्री यम बहादुर क्षेत्री | | | |

२२. **सदस्यता बिस्तारः** संस्थाको रणनीतिक योजनामा उल्लेख भए बमोजिम समिति तथा कर्मचारीलाई तोकिएका शेयर सदस्य बिस्तारको लक्ष्य अनुसार सञ्चालकको तर्फबाट श्री तिर्थराज काफ्ले २९ जना, कर्मचारीका तर्फबाट श्री निर्मला पौडेलले २८ जना थप गरी सबै भन्दा बढी सदस्य थप गर्न सफल हुनु भएकोमा उहाँहरुलाई हार्दिक बधाई सहित पुरस्कृत गरिएको जानकारी गराउन चाहन्छु ।

२३. **गुनासो व्यवस्थापनः** सेवालाई पारदर्शी, जनउत्तरदायी र प्रभावकारी बनाउदै शेयर सदस्यको विश्वास अभिवृद्धि गर्ने उद्देश्यले गुनासो तथा सुझाव पेटिका व्यवस्थापन भएको यसको सञ्चालनका लागि गुनासो तथा सुझाव व्यवस्थापन कार्यविधि निर्माण भई कार्यान्वयनमा आइसकेको साथै शेयर सदस्य संस्थाका मालिक हुन भने मुलमर्मलाई आत्मसात् गर्दै सदस्य वडापत्र पुर्ण कार्यान्वनमा रहेको छ ।

२४. **विस्तारीत बैठक :** आ.ब २०८१/०८२ को वार्षिक प्रतिवेदन समिक्षा गर्ने र आगामी वर्ष २०८२/०८३ को लागि नीति तथा कार्यक्रम र बजेट निमार्ण गर्ने उद्देयले संचालक समिति, लेखा सुपरीवेक्षण समिति, सल्लाहकारहरु, विभिन्न उपसमितिहरु र कर्मचारीहरु सहितको विस्तारित बैठक मिति २०८२ आषाढ २१ गते सम्पन्न भएको जानकारी गराउन चाहन्छु ।

२५. **रक्तदान कार्यक्रम :** संस्थाको स्थापना दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रम कार्यदलका संयोजक श्री सुनिता गिरी र सदस्यहरु श्री इम बहादुर खड्का, श्री सिता श्रीस पुन, श्री सिता थापा र श्री गोमा पन्थिको संयोजनमा सामाजिक उत्तरदायित्व बहन गर्ने उद्देश्य सहितको रक्तदान महादान भन्ने नारा सहित बृहत रक्तदान कार्यक्रम मिति २०८२/०३/२९ गते चारपाला पुर्वसैनिक कल्याणकारी क्लबको सभाहलमा रक्तसञ्चार गृहको बुटवलको प्राविधिक सहयोगमा ७३ युनिट रगत संकलन सहित सम्पन्न गरिएको थियो ।

प्रयास बचत तथा ऋण सहकारी संस्था लि.को संस्थागत विकास, जोखिम न्यूनिकरण लगायत संस्थाका सदस्यहरूको व्यवसायिक विकासलाई मुख्य केन्द्र बिन्दु बनाई सहकारी मूल्य-मान्यता, मर्म र सिद्धान्त अनुरुप सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरणको लागी समुदायमा आधारित सहकारी शिक्षा, सूचना तथा तालिम सहितको प्रविधिमैत्री गुणस्तरीय वित्तीय सेवा प्रदान गर्ने खालको संस्थाको प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम हुनेछ । विगतका नीति तथा कार्यक्रमहरू अधिकांश यस वर्ष पनि निरन्तरता दिइएको छ । केही नीति तथा कार्यक्रमहरू समय सापेक्ष संशोधन पनि गरिएको छ । प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमलाई यहाँहरूको सुझाव र सल्लाहका आधारमा थप परिमार्जिन र परिष्कृत गरी अगाडि बढ्ने जानकारी सहित अब म **आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम** प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१. संस्थाको कार्य सञ्चालनलाई छिटो छरितो र अझ बढी गुणस्तरयुक्त बनाउनका बुटवल उपमहानगरपालिकाद्वारा स्वीकृत प्राप्त नक्सा बमोजिकको संस्थाको एक तले बहुउद्देश्यीय भवनको यस आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।

२. सदस्यता विस्तारलाई सहकारी ऐनको परिधि भित्र रही खुल्ला राख्दै सबै बर्गका समुदायलाई विशेष अभियान सञ्चालन गरी सदस्यता विस्तारलाई निरन्तरता दिइ २३० सदस्य थप गरिनेछ ।

३. सहकारीका सिद्धान्त, मुल्यमान्यता, नीति नियम सम्बन्धि विषयमा सहकारी शिक्षा तालिम तथा अर्न्तक्रिया कार्यक्रम संस्थाका शेयर सदस्यलाई लक्षित कार्यक्रम थप १५० जना शेयर सदस्यलाई प्रदान गरिनेछ ।

४. आधुनिक प्रविधियुक्त सेवालाई सर्वशुलभ बनाउदै सदस्य स्वयमले घरमै बसी सुविधा लिन सकिने सेवाहरुको व्यापक जानकारी गराई Cashless and Paperless transaction मा जोड दिने उद्देश्यका साथ Prayas Mobile App को प्रयोगकर्ताको संख्या थप २०० बढाइनेछ । साथै व्यवसायिक QR Code लागु गरिनेछ ।

५. संस्थामा निरन्तर रुपमा आवद्ध रहेका र एसइइमा सहभागी भइ सफल भएका सम्पूर्ण बालबचत कर्ताहरुलाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

६. सेयर सदस्यहरुका कृषि तथा पशुपन्छीजन्य व्यवसाय, उद्योग र व्यापार व्यवसाय क्षेत्रको प्रवर्द्धन गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न, महिला उद्यमशील क्षमताको विकास गर्नका लागि 'सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदान सम्बन्धी कार्यविधि-२०८१' अनुसार तीन प्रतिशत ब्याज अनुदान सहित सहुलियतपूर्ण कर्जा उपलव्ध गराइनेछ ।

७. सबै सदस्यहरुको सदस्य पहिचान भराउने, सदस्यहरुको जोखिम वर्गीकरण गर्ने, मापदण्ड बमोजिम दोहोरो सदस्यता खारेज गर्ने, सदस्य बचाउन रणनीति लागु गरिनेछ ।

८. शेयर सदस्यलाई संस्थामा आवद्धताका आधारमा सेवा सुविधा थप प्रदान गर्ने उद्देश्यले तपसिल बमोजिमको समुहमा विभाजनलाई निरन्तरता दिइनेछ ।

- नयाँ खाता खोलेदेखि ५ वर्षसम्मका शेयर सदस्यलाई समुह 'घ'
- ५ वर्ष १ दिन देखि १० वर्षसम्मका शेयर सदस्यलाई समुह 'ग'
- १० वर्ष १ दिन देखि १५ वर्षसम्मका शेयर सदस्यलाई समुह 'ख'
- १५ वर्ष १ दिन देखि माथि जति वर्ष भएपनि त्यस्ता शेयर सदस्यलाई समुह 'क'

९. संस्थाको विशेषताहरु झल्किने गरी वृत चित्र (अडियो भिजुवल डकुमेन्ट्री) निर्माण कार्यलाई अद्यावधिक गरिनेछ ।

१०. ऋणीको ऋण रकम चुक्ता हुनु अगावै ऋणीको निधन वा पूर्णतया अपाङ्गता भएमा संस्थाबाट लिएको सम्पूर्ण ऋण रकम चुक्ता गरिदिने खालको ऋण बिमा व्यवस्था शुरु गरिनेछ ।

११. संस्था सञ्चालनका लागि आवश्यक ऋण असुली तथा धितो लिलाम विकी कार्यविधि निर्माण गर्ने, विद्यमान कार्यविधिहरु समय सन्दर्भ अनुरुप थप संशोधन वा परिमार्जित गरिनेछ ।

१२. संस्थाले प्रदान गरेका प्रभावकारिता एवम सदस्य सन्तुष्ट्री र गुणस्तरीयताका सन्दर्भमा सदस्य सर्वेक्षण कार्य शुरु गरी सेवालाई थप गुणस्तरीयताको सुनिश्चित गरिनेछ ।

१३. संस्थाको सदस्यलाई प्राण घातक रोग लागेमा वा दुर्घटनामा परी अपरेशन गर्नु पर्ने भएमा तत्काल राहत ऋण स्वरुप ३ महिनाका लागि बढीमा रु. ५०,०००।- निर्ब्याजी ऋण प्रदान गरिनेछ ।

१४. संस्थाको विभिन्न गतिविधिहरुमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने उत्कृष्ट उद्यमी, उत्कृष्ट बचत कर्ता, अधिक शेयर सदस्य बुद्धि गर्न सफल संचालक/कर्मचारी/सदस्य, वर्ष उत्कृष्ट कर्मचारी, बालबचत कर्ता, ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक शेयर सदस्यलाई लगायतका अन्य विद्याहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

१५. संस्थाका विभिन्न सेवा सुविधा, सबै आर्थिक विवरण (व्याजदर, ऋण विवरण) एवम् कार्यक्रमहरूको बारेमा विस्तृत जानकारी दिने उद्देश्यले यस वर्षसंस्थाको आफ्नै वेभसाइट निर्माण गरी पारदर्शिता र जवाफदेहितालाई प्रवर्द्धन गरिनेछ ।

१६. संस्थाले लगानी गरेका हरेक कर्जालाई भाखा भित्रै साँवा, ब्याज सहित असुलीका लागि हरेक कर्जाको नियमित कार्य तालिका बनाई, समन्वय गरी चरणबद्ध रुपमा संस्थाका व्यवस्थापक, ऋण उपसमिति तथा सञ्चालक समितिमार्फत सम्बन्धित पक्षहरुलाई नियमित ताकेता एवं स्मरण गराउने कार्य थप कडाईका साथ अगाडि बढाइनेछ ।

१७. प्रत्येक कर्मचारीलाई कार्यविवरण अनुसार लक्ष्य निर्धारण गरी जिम्मेवारी दिइनेछ । लक्ष्य अनुसारको

उपलब्धी प्राप्त गर्न प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक कर्मचारीलाई जिम्मेवारी र जवाफदेही बनाउने खालको आचारसंहिता निर्माण गरिनेछ ।

१८. संस्थाको सदस्य सुरक्षा नीति बमोजिम 'क' र 'ख' समुहका शेयर सदस्यहरुको रु. ५,००,०००।- (अक्षरेपी पाँच लाख रुपैया मात्र) र 'ग' र 'घ' समुहका शेयर सदस्यहरुको रु. २,००,०००।- (अक्षरेपी दुई लाख रुपैया मात्र) बराबरको निःशुल्क दुर्घटना विमा योजनालाई निरन्तरता दिइनेछ ।

१९. शेयर सदस्य अवलोकन भ्रमण कार्यक्रमलाई सदस्यहरुको रोजगारी, सिप मुलक तालिम र उत्पादनसँग जोडीनेछ ।

२०. संस्थाले कृषि, उघोग र व्यवसाय सञ्चालन गर्ने उद्देश्यका लागि ऋण प्रवाह गर्दा किस्ता/व्याज भुक्तानी गर्न उपयुक्त ग्रेस अवधि प्रदान गर्न व्यवस्था लागु गरिनेछ ।

२१. संस्थाको प्रवर्द्धनका लागि स्तरीय प्रवर्द्धनात्मक सामाग्रीहरुको निर्माण गरी मायाको चिनोको रुपमा प्रयोग गरिनेछ ।

२२. रकम रु. दश लाख भन्दा माथि ऋण प्रवाहगर्ने प्रयोजनका लागि सदस्यबाट लिने सुरक्षणको मुल्याङ्कन गराउने प्रयोजनका लागि अनिवार्य इन्जिनियरिङबाट धितो मुल्याङ्कनकर्ता नियुक्त गरी सार्न्दभिक दरमा मुल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

२३. संस्थाको कार्यक्षेत्र भित्रका विद्यालयका माध्यमिक तहका विद्यार्थीमा वित्तीय चेतना, ज्ञान र सिपको अभिवृद्धि गर्न वित्तीय साक्षरता अभियानलाई निरन्तरता दिइनेछ ।

२४. संस्थाले वातावरणीय संरक्षण, सामाजिक विकास, शिक्षा, स्वस्थ्य, वित्तीय साक्षरताजस्ता उद्देश्य राखी सामाजिक उत्तरदायित्व अर्न्तगत समुदाय लक्षित कार्यक्रमहरु जस्तै- स्वास्थ्य शिविर, रक्तदान, योगशिविर, हाजिरी जवाफ, बक्तृत्वकला आदि कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

२५. आफूले पाएको जिम्मेवारी तोकिएको समयमा सहकारी ऐन, नियम, संस्थागत नीति तथा साधारण सभा र संचालक समितिको निर्णय अनुरुप पदिय मर्यादालाई ख्याल गरी सम्पादन गरिनेछ । आफूले जिम्मेवारी लिएको कामको आफैले जवाफ दिने अवस्था सहितको आचारसंहिता निर्माण गरिनेछ ।

२६. संस्थाको स्वीकृत कार्यक्षेत्र भित्रका सहकारी संस्थाहरूसँगको सहकार्य र एकिकरणको अभियानलाई अगाडि बढाइनेछ ।

२७. सञ्चालक र कर्मचारीहरुको दक्षता तथा क्षमता अभिबृद्धिका लागि आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

२८. सहुलियत दर योजना अर्न्तगतसदस्यलाई संस्थाबाट कर्जा लिन प्रोत्साहन स्वरुप धितो ऋणमा लाग्ने सेवा शुल्कमा साथै शेयर रकम थप गर्दा लाग्ने शुल्कमा 'घ' समुहले नपाउने साथै 'ग' समुह, 'ख' समुह, 'क' समुहलाई क्रमिक रुपमा १०, २० र ३० प्रतिशतका दरमा विशेष छुट दिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२९. सदस्यको शिशु जन्मदाको खुशियालीमा महिला उपसमितिको संयोजनमा सदस्यको घर ठेगानामा गई शुभकामना तथा बधाई ज्ञापन गरी रु. १,०००/- बराबरको पौष्टिक आहार र नवजात शिशुको नाममा निःशुल्क बाल बचत खाता खोलीरु. १,०००/- रकम जम्मा गरी प्रति शेयर सदस्यलाई रु. २,०००/- (दुई हजार मात्र) सम्मको सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्तालाई निरन्तरता दिइनेछ ।

३०. नयाँ वर्षको अवसरमा संस्थाको वार्षिक कार्ययोजना र गतिविधिहरु समेटिएको भितेपात्रो प्रकाशन गरी सम्पूर्ण शेयर सदस्यलाई निःशुल्क वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३१. महिला शेयर सदस्यहरुको सामाजिक तथा आर्थिक सशक्तीकरणमा र व्यवसायिक आयमुलकसँग जोड्ने सिपमुलक तथा उद्यशिल कार्यक्रम ल्याइनेछ ।

३२. संस्थाको स्थापना दिवशको अवसरमा समुदाय लक्षित कार्यक्रम सञ्चालन गरी भव्य रुपमा मनाइनेछ ।

३३. युवा वर्गको नेतृत्व तथा क्षमता विकास गर्ने, युवाहरुलाई सामाजिक दायित्व र कर्तव्यप्रति जिम्मेवार बनाई संस्थागत लक्ष्य प्राप्तिका लागि युवा वर्गलाई आर्कषित गर्न युवाविकास उपसमिति गठन गरिनेछ ।

३४. लामो समयदेखि निरन्तर रुपमा संस्थामा महत्वपूर्ण योग्दान पुऱ्याउनु हुने शेयर सदस्यलाई विशेष सम्मान तथा सुविधाको प्रबन्ध मिलाइनेछ ।

३५. शेयर सदस्यको उमेर ६० वर्ष पुरा भएपछि सदस्यले चाहेमा मासिक बचत जम्मा गर्न अनिवार्य नहुने व्यवस्था लागु गरिनेछ र शेयर सदस्यको उमेर ७० वर्ष पुरा भएपछिवा शेयर सदस्य आफैलाई प्राण घातक रोग लागेमा, शेयर सदस्यले चाहेमा न्युनत्तम शेयर र बचत राखि सदस्यता खारेजी नहुने गरी शेयर र बचतको रकम किस्ताबन्दी वा एकैपटक फिर्ता लिन सकिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

३६. सदस्यको मृत्युभएमा मृत्यु संस्कारमा समेत सदस्यको धर्म संस्कार र परम्परा अनुसार शोकमा रहनु भएका सदस्य परिवारजनहरुमा समवेदना व्यक्त गर्न घर ठेगानामा गई निजको नजिकका आफन्तलाई 'घ' समुहलाई रु. १०,०००।-, 'ग' समुहलाई रु. १५,०००।-, 'ख' समुहलाई रु. २०,०००।- र 'क' समुहलाई रु. २५,०००।- सदस्य राहतकोषबाट राहत रकम प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

अन्त्यमा सबै सदस्य महानुभावहरुले संस्थाले प्रस्तुत गरेको योजनामा सक्रिय सहभागिता जनाउनुहुनका लागि हार्दिक अनुरोध गर्दछु । आजको यस साधारण सभामा उपस्थित हुनुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, सदाझै यस संस्थाको प्रगतिमा विशेष योगदान गर्नु हुने संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरु, संस्थालाई आज यस अवस्थासम्म ल्याई पुऱ्याउन अनवरत रुपमा जुटिरहनु भएका सञ्चालक साथीहरु, सल्लाहकारज्यूहरु, लेखा समिति, विभिन्न उप समितिका साथीहरु तथा यस संस्थाका व्यवस्थापक र परिश्रमी कर्मचारी वर्गहरुमा सञ्चालक समितिको तथा मेरो व्यक्तिगत तर्फबाट कृतज्ञता व्यक्त गर्न चाहन्छु । प्रस्तावित कार्यक्रम, बजेट तथा प्रगती प्रतिवेदन आवश्यक सुझाव सहित पारित गरिदिनुहुनका साथै यस संस्थाको प्रगतीको लागि यहाँहरूको अमूल्य एवं सक्रिय सुझाव र सहयोगको अपेक्षा गर्दै यहाँहरूबाट बिदा हुन चाहन्छु ।

धन्यवाद, जय सहकारी, जय प्रयास

मिति : २०८२ असोज ०४ गते

........................

**भीमबहादुर थापा**

अध्यक्ष

# प्रयास बचत तथा ऋण सहकारी संस्था लि.

**बुटवल उपमहानगरपालिका–१२, तामनगर, रूपन्देही**

## १८औं वार्षिक साधारण सभामा कोषाध्यक्षद्वारा प्रस्तुत आय-व्यय विवरण र अनुमानित बजेट

यस प्रयास बचत तथा ऋण सहकारी संस्थालि.को १८औं बार्षिक साधारण सभाका अध्यक्ष ज्यू, हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, अतिथिज्यूहरू, विभिन्न संघ संस्थाबाट पाल्नु भएका प्रमुख एवं प्रतिनिधिहरू, सल्लाहकारज्यूहरू, संस्थाका संचालक समिति, लेखा समिति, अन्य विभिन्न उपसमितिका संयोजकतथा सदस्यहरू, कर्तव्यनिष्ठ कर्मचारीहरू, साथै सम्पूर्ण शेयर सदस्य महानुभावहरू एव शुभचिन्तकहरुमा संस्थाको कोषाध्यक्ष तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दै सहकारीको न्यानो अभिवादन व्यक्त गर्दछु ।

संस्थामा चुनौतीको रुपमा उभिएको देशको विधमान आर्थिक तरल अवस्था र अन्य बैंक तथा वित्तीय संस्थाहरुको अस्वस्थ प्रतिस्पर्धा, वित्तीय चुनौती हुँदा हुँदैपनि सदस्य महानुभावहरुको संस्थाप्रतिको विश्वासको साथमा, संचालक समिति, लेखा सूपरिवेक्षण समिति, सल्लाहकार समिति तथा अन्य उप समितिका सहकर्मीको गतिशिल नेतृत्व, कर्मचारी लगानशिलता संस्थाको सवैभन्दा ठुलो सम्पति रहेका छन् ।

विगत १८ वर्षको अवधिमा यस सहकारीले शेयर सदस्यहरुको आर्थिक विकासमा एक कुसल सहयोगिको रुपमा भुमिका निर्वाह गर्दै स्वरोजगार, पेशा/व्यवसाय स्थापना, संचालन तथा विस्तार, रोजगारीका अवसर सिर्जना, गरिबि न्युनीकरण जस्ता क्षेत्रमा उल्लेख्य कार्य गर्दै आएको छ । संस्थालाई सुशासनको कार्यढाचा भित्र सञ्चालन गर्दै सदस्यहरूलाई समृद्ध बनाउनका लागि सबल र सक्षम संस्थाको रूपमा विकास गर्ने सोचका साथ संस्था अगाडि बढिरहेको छ । संस्थाको स्थायित्व, पहिचान र गरिमालाई थप मजबुद बनाउन आवश्यक आफ्नै अत्याधुनिक कार्यालय भवनको परिकल्पना लाई साकार पार्ने जमर्कोमा लागेका छौ । त्यसै गरी आर्थिक क्षेत्रमा सुचना र प्रविधिको बढ्दो उपयोग र प्रभावलाई अवसरको रुपमा ग्रहण गर्दै शेयर सदस्यका आवश्यकता परिपुर्ति गर्ने दिशा तर्फ अग्रसर रहेका छौ ।

अब म यहाँहरू समक्ष आ.ब. २०८१/०८२ मा भएका आर्थिक पक्षको महत्वपुर्ण निर्णयहरु संक्षिप्तमा प्रस्तुत गर्दछु ।

१. **व्याजमा अनुदान :** सदस्यहरुका लागि कृषि तथा पशुपन्छीजन्य व्यवसाय, उद्योग र व्यापार व्यवसाय क्षेत्रको प्रर्वद्धन गरी उत्पादन एवं रोजगारी अभिबृद्धि गर्न, महिला उद्यमशीलता क्षमताको विकास गर्नको लागि सहुलियतपूर्ण कर्जा प्रदान गर्ने र कर्जामा निर्धारण गरेको व्याजदर मध्य ३ प्रतिशत व्याज अनुदान सदस्यलाई प्रदान गरिएको छ ।

वित्तीय विवरणहरूको तयारीमा अपनाइएका प्रमुख लेखा नीतिहरू तल उल्लेख गरिएका छन्। अन्यथा उल्लेख नगरिएसम्म, प्रस्तुत गरिएका सबै आर्थिक वर्षहरूमा लेखा नीतिहरू निरन्तर रूपमा लागू गरिएका छन् ।

३.१ मापनको आधार

सहकारी संस्थाको वित्तीय विवरणहरू ऐतिहासिक लागतको आधारमा तयार पारिएको छ ।

| | | | | |
|---|---|---|---|---|
| **प्रदिप पौड्याल** | **मोहन शर्मा पाण्डे** | **सिता कंडेल तरामु** | **भीम बहादुर थापा** | **बाबुलाल नेपाल** |
| व्यवस्थापक | लेखा संयोजक | कोषाध्यक्ष | अध्यक्ष | लेखा परीक्षक |

## प्रयास बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

**३.२ महत्वपूर्ण लेखा अनुमानहरू**

लघु संस्थाका लागि नेपाल लेखामान (NAS for MEs) अनुरूप वित्तीय विवरणहरू तयार गर्न निश्चित महत्वपूर्ण लेखा अनुमान र निर्णयहरूको प्रयोग आवश्यक पर्दछ । सहकारीले भविष्यका घटनाहरूको बारेमा निश्चित अनुमानहरू गरेको हुन्छ । वास्तविक परिणाम यी अनुमानहरू भन्दा फरक हुन सक्छन् । अर्को आर्थिक वर्ष भित्र सम्पत्ति र दायित्वहरूको रकमले सारभुत समायोजन निम्त्याउने महत्वपूर्ण जोखिम भएका अनुमानहरू खुलासा गरिएका छन् ।

**३.३ वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरू**

**पहिचान**

जब सहकारी वित्तीय कारोबारको करारीय प्रावधानहरूको पक्ष बन्छ तब सहकारीले वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको पहिचानगर्दछ ।

**वर्गीकरण तथामापन**

वित्तीय सम्पत्तिहरू र दायित्वहरु उचित मूल्य वा परिशोधित लागतमा मापन गरिएको छ।

**NAS forMEs को दफा १० अनुसार वित्तीय सम्पत्तिहरू र वित्तीय दायित्वहरुदेहाय अनुसार वर्गीकरणगरिएको छ:**

वित्तीय सम्पत्ति वा वित्तीय दायित्वलाई सुरुमा कारोबार मूल्य (कारोबार लागत सहित) मा पहिचान गरिन्छ।त्यसपछि, वित्तीय सम्पत्तिहरू देहायनुसार मापन गरिन्छ:

(क) व्यापारको लागि राखिएको सूचीकृत कम्पनीहरूको शेयरमा लगानी बजार मूल्यमा मापन गरिन्छ।त्यसबाट हुने लाभ वा नोक्सानलाई नाफा वा नोक्सानमा पहिचान गरिन्छ ।

(ख) बिक्रीको लागि उपलब्ध सूचीकृत कम्पनीहरूको शेयरमा लगानीलाई लागत वा बजार मूल्य जुन कम हुन्छ त्यसमा मापन गरिन्छ । त्यसबाट हुने हानि, यदि कुनै छ भने, नाफा वा नोक्सानमा पहिचान गरिन्छ ।

(ग) अन्य सबै आधारभूत वित्तीय उपकरणहरू परिशोधित लागतमा मापन गरिन्छ ।

**निसर्ग**

सहकारी संस्थाले वित्तीय सम्पत्तिबाट नगद प्रवाहमा सम्झौता अधिकार समाप्त हुँदा वा सम्पत्तिबाट नगद प्रवाह प्राप्तगर्ने सम्झौता अधिकार हस्तान्तरण गर्दा वित्तीय सम्पत्तिलाई निसर्ग गर्दछ ।

वित्तीय दायित्व सम्झौतामा निर्दिष्ट दायित्व समाप्त भएपछि वा सम्झौता रद्द गर्दा वा सम्झौताको म्याद सकिँदानिसर्गगरिन्छ ।

**वित्तीय सम्पत्तिकोक्षयीकरण (Impairment)**

हरेक आ.व. को अन्त्यमा संस्थाले परिशोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्तिमा कुनै क्षयीकरण भएको वस्तुगत प्रमाण भए-नभएको निर्धारण गर्दछ। सो प्रमाण भेटिएमा क्षयीकरणलाई नाफा-नोक्सानमा खर्च जनाइन्छ । क्षयीकरण नोक्सान भन्नाले सम्पत्तिको किताबी मूल्य र असुलहुनसक्ने रकम बिचको भिन्नताभन्ने बुझिन्छ । व्यक्तिगत रुपमा महत्वपूर्ण सम्पत्तिलाई क्षयीकरणका लागि छुट्टै समिक्षा गरिन्छ भने बाँकी सम्पत्तिलाई सामुहिक रुपमा समिक्षा गरिन्छ ।

**गैर-वित्तीय सम्पत्तिकोक्षयीकरण** (व्यापारीक मौज्दातबाहेक)

गैर-वित्तीय सम्पत्तिहरू क्षयीकरण परीक्षणको अधीनमा हुन्छन् जब घटनाहरू वा परिस्थितिहरूमा परिवर्तनहरूले संकेत गर्दछ कि तिनीहरूको रकम असुल नहुन सक्छ । जहाँ सम्पत्तिको मूल्य यसको असुल योग्य रकम भन्दा बढी हुन्छ, सम्पत्तिमा तदनुसार घटाईन्छ र क्षति नाफा वा नोक्सानमा समावेश गरिन्छ ।

**३.४ सम्पत्ति, संयन्त्र तथा उपकरण**

**पहिचान र मापन:**

सम्पत्ति संयन्त्र तथा उपकरणहरू लागतमा संचित मूल्यह्रास र क्षयीकरण भएमा घटाई मापन गरिन्छ । लागतमा सम्पत्तिको अधिग्रहणसँग प्रत्यक्ष रूपमा सम्बन्धित खर्चहरू समावेश हुन्छन् ।

**मूल्यह्रास:** सहकारी संस्थाले व्यवस्थापनको स्वविवेकमा आधारित मूल्यह्रास दरहरूलाई लागु गर्दै घट्दो दर diminishing balance विधि अपनाएर सम्पत्ति तथा उपकरणको मूल्यह्रास गर्दछ । सम्पत्ति तथा उपकरणका महत्त्वपूर्ण वस्तुहरूको वर्तमान र तुलनात्मक अवधिको लागि सम्पत्तिको मूल्यह्रासको लागि प्रयोग गरिने दरहरू देहाय बमोजिम छन् :

| प्रदिप पौड्याल | मोहन शर्मा पाण्डे | सिता कंडेल तरामु | भीम बहादुर थापा | बाबुलाल नेपाल |
|---|---|---|---|---|
| व्यवस्थापक | लेखा संयोजक | कोषाध्यक्ष | अध्यक्ष | लेखा परीक्षक |

**प्रयास बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

| स.नं. | सम्पत्तिहरु | मूल्यह्रास दरहरू |
|---|---|---|
| १ | भवनहरू | ५ % |
| २ | कार्यालय उपकरण, फर्निचर र कम्प्युटरहरू | २५ % |
| ३ | अन्य सम्पत्तिहरू | २० % |

सहकारी संस्थाले आफ्नो जग्गाको लागी पुनर्मूल्याङ्कन मोडेल अपनाएको छैन । सहकारीले सम्पत्ति, संयन्त्र तथा उपकरणहरुको अन्य वर्गका लागि लागत मोडेल अपनाएको छ । सम्पत्ति, संयन्त्र तथा उपकरणका वस्तुहरू लागतमा संचित मूल्यह्रास र कुनै पनि संचित क्षयिकरण घटाई मापन गरिन्छ ।

नयाँ खरिद गरिएको सम्पत्तिको मूल्यह्रास बीजकको मितिमा गणना गरिन्छ र लागत रु. १,००० भन्दा कम भएको सम्पत्तिलाई नाफा नोक्सान विवरणमा उक्त अवधिको लागि खर्चको रूपमा लेखिएको छ ।

**३.५ अमूर्त सम्पत्तिहरू**

अमूर्त सम्पत्तिहरूलाई तिनीहरूको अनुमानित उपयोगी जीवनकालमा ऐतिहासिक लागत कम क्षयिकरण/परिशोधनमामापन गरिन्छ ।

सहकारीसँग हाल सफ्टवेयर अमूर्त सम्पत्तिको रूपमा छ र यसलाई घट्दो दर विधिमा २५% मा परिशोधन गरिन्छ ।

**३.६ गैर बैंकिङ्ग सम्पत्ति**

गैर बैंकिङ्गसम्पत्तिहरूमा सम्पत्ति र उपकरणको रूपमा वर्गीकृत गरिएका बाहेक जग्गा वाजग्गा र भवनहरू र गैर-चालू सम्पत्तिहरू समावेश छन्।सामान्यतया, यसमा सहकारीले गैर-बैंकिङ सम्पत्तिको रूपमा अधिग्रहण गरेको तर प्रतिवेदन मितिमा बिक्री नभएको जग्गा, जग्गा र भवन समावेश हुन्छ।सहकारीले सामान्यतयाआफ्ना सदस्यहरूलाई जग्गा र/वा भवनको धितोमा ऋण र पेश्की प्रदान गर्दछ । ऋण चुक्ता नभएको अवस्थामा ऋण असुलीको लागि त्यस्ता सम्पत्तिहरू लिलामी मार्फत बिक्रीको लागि राखिन्छन् ।कहिलेकाहीं, सम्पत्तिहरू त्यसरी बिक्री नहुन सक्छन् । त्यस्तो अवस्थामा सहकारीले प्रचलित कानून अनुसार सम्पत्तिहरूको स्वामित्व ग्रहण गर्दछ । त्यस्ता सम्पत्तिहरू सामान्यतया बिक्रीको लागि राखिन्छन् र गैर बैंकिङ्गसम्पत्तिको रूपमा वर्गीकृत गरिन्छ ।

**३.७ आय कर**

आयकर भनेको नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको चालु वर्षको कर खर्च हो जुन चालू वर्षको सन्दर्भमा आन्तरिक राजस्वविभागलाई भुक्तानी गर्नुपर्ने अपेक्षित रकम हो ।

**३.८ निक्षेप दायित्वहरू**

सदस्यहरूको निक्षेपहरू प्रारम्भमा कारोबारको लागत घटाई उचित मूल्यमा पहिचान गरिन्छ । कारोबारको लागत निकै कम हुने भएकाले यी खर्चहरुलाई नाफा वा नोक्सानमा पहिचान गरिन्छ । निक्षेप मापनको लागि लेनदेन मूल्यलाई नै उचित मूल्य मानिन्छ ।

**३.९ व्यवस्थाहरु, अन्य दायित्वहरू, संयोगिक(सम्भाव्य)दायित्वहरू**

कुनै विगतको घटनाको परिणाम स्वरूप सहकारी संस्थासँग वर्तमानमा कानूनी वा परोक्ष दायित्व उत्पन्न भएको छ, जसको भरपर्दो अनुमान गर्न सकिन्छ, र उक्त दायित्व चुक्ता गर्न आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना बढी छ भने, व्यवस्थाको (Provision) लेखाङ्कन गरिन्छ।लेखाङ्कन गरिने रकमभनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमात्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ । व्यवस्थाहरू हरेक प्रतिवेदन मितिमा पुनरावलोकन गरिन्छ र वर्तमानमा सबैभन्दा उपयुक्त अनुमान अनुसार परिमार्जन गरिन्छ। यदि स्रोत बाहिरिन सक्ने सम्भावना नरहेमात्यस्ता व्यवस्थाहरू उल्ट्याइन्छ ।

लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यकअनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमात्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ ।

| प्रदिप पौड्याल | मोहन शर्मा पाण्डे | सिता कंडेल तरामु | भीम बहादुर थापा | बाबुलाल नेपाल |
|---|---|---|---|---|
| व्यवस्थापक | लेखा संयोजक | कोषाध्यक्ष | अध्यक्ष | लेखा परीक्षक |

**प्रयास बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

संयोगिक (सम्भाव्य) दायित्वहरू ती दायित्वहरू हुन् जसको सृजना हुने वा नहुने भन्ने कुरा कुनै अनिश्चित घटनामा निर्भर गर्दछ । अनिश्चित भविष्यको घटना र यी रकमहरू वासलातबाहिरका (Off balance sheet items)शीर्षकहरुहुन् र आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना कमभएकाले खुलासा गरिन्छ ।

सम्झौताबाट प्राप्त गर्नेअपेक्षित लाभ सम्झौता अन्तर्गतको दायित्व पूरा गर्ने अपरिहार्य लागतभन्दा कम हुँदा कष्टसाध्य सम्झौताको लेखाङ्कनव्यवस्थागरिन्छ । २०८२ को आषाढको अन्त्यमा सहकारीसँगत्यस्तो संयोगिक दायित्व र कष्टसाध्य सम्झौताहरू छैनन् ।

३.१० आयको पहिचान

सहकारी संस्थामा आर्थिक लाभ प्रवाहित हुने सम्भावना भएको हदसम्म र मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिने भएमा आम्दानी लेखाङ्कन गरिन्छ। आय बाध्नको लागि देहायका मापदण्डहरू पनि पूरा गर्नुपर्ने हुन्छ ।

**ब्याज आम्दानी**

ब्याज आम्दानीलाई आम्दानी विवरणमा प्रोदभावी आधारमा लेखाङ्कनगरिन्छ ।

**नाफावानोक्सानकोविवरणमा पहिचान गरिएको ब्याज आम्दानीर नोक्सानीमा निम्न समावेश छन्:**

- प्रभावकारी ब्याजदर विधिमा गणना गरिएको परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको ब्याज आम्दानी, क्षतिगस्त ऋण बाहेका। यी वित्तीय सम्पत्तिहरूमा सदस्यहरू र कर्मचारीहरूलाई ऋणको धितोपत्रमा लगानी र बैंक र वित्तीय संस्थामा प्लेसमेन्ट आदि समावेश छन् ।
- हालसम्म सञ्चालन ऋणबाट प्राप्त तर आर्जित नभएको ब्याज आम्दानीलाई चालू वर्षको ब्याज आम्दानीमा मान्यता दिइएको छ ।

**नाफा विवरणमा पहिचान गरिएको ब्याज आम्दानीर नोक्सानीमा निम्न समावेश छन्:**

- क्षतिग्रस्त ऋण बाहेकका प्रभावकारी ब्याजदर विधिमा गणना गरिएको परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको ब्याज आम्दानी। यी वित्तीय सम्पत्तिहरूमा नेफ्स्कुन, राष्ट्रिय सहकारी बैंकर जिल्ला सहकारी संघ धितोपत्रहरूमा लगानीहरु समावेश छन् ।
- हालसम्म सञ्चालन ऋणबाट प्राप्त तर आर्जित नभएको ब्याज आम्दानीलाई चालू वर्षको ब्याज आम्दानीमा मान्यता दिइएको छ।

**शुल्क र कमिशनको आम्दानी**

सेवा प्रदान गरिसकेपछि शुल्क र कमिसनहरू सामान्यतया प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

**लाभांश आम्दानी**

इक्विटी शेयरबाट प्राप्त लाभांश आम्दानीलाई लाभांश प्राप्त गर्ने अधिकार स्थापित भएपछि लेखाङ्कन गरिन्छ ।

**अनुदान आय**

निर्दिष्ट भविष्य कार्यसम्पादन शर्त तोकिएका अनुदानहरू; कार्यसम्पादन सर्तहरू पूरा हुँदा आयको रूपमा लेखांकन गरिन्छ । निर्दिष्ट भविष्य कार्यसम्पादन शर्त नतोकिएका अनुदानहरू अनुदान प्राप्त हुने कुरा निश्चित हुने बित्तिकै आयको रूपमा लेखांकन गरिन्छ ।प्राप्त भएका तर आम्दानीको रूपमा लेखांकन नगरिएका अनुदानलाई दायित्वको रूपमा लेखांकन गरिन्छ।

३.११ ब्याज खर्च

निक्षेप सहित परिशोधन लागतमा मापन गरिएका सबै वित्तीय दायित्वहरूमा ब्याज खर्चलाईनाफा वा नोक्सानको विवरणमा प्रोदभावी आधारमा पहिचान गरिन्छ।

३.१२ कर्मचारी लाभहरू

**अल्पकालीन कर्मचारी लाभ**

सहकारी संस्थाको छोटो अवधिको कर्मचारी लाभहरूमा मुख्यतया प्रचलित कानून अन्तर्गत प्रदान गरिएको ज्याला, तलब, भत्ता, बोनस र अन्य कर्मचारी सम्बन्धित खर्चहरू समावेश छन्। छोटो अवधिको कर्मचारी लाभहरू छुट बिनाको आधारमा (undiscounted)मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गर्दा नाफा वा नोक्सानको विवरणमा देखाइन्छ ।

| प्रदिप पौड्याल | मोहन शर्मा पाण्डे | सिता कंडेल तरामु | भीम बहादुर थापा | बाबुलाल नेपाल |
|---|---|---|---|---|
| व्यवस्थापक | लेखा संयोजक | कोषाध्यक्ष | अध्यक्ष | लेखा परीक्षक |

B.L. Nepal & Associates, Regd. 5631, Registered Auditors

## प्रयास बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

**पारिश्रमिक सहितको अल्पकालीन बिदाहरू**

सहकारी संस्थाले कर्मचारीहरूलाई प्रत्येक वर्ष १२ दिनको बिरामी र १२ दिनको बिदा प्रदान गर्दछ । यी बिदाहरू संचित हुन्छन्। यसका साथै, सहकारी संस्थाले आफ्नो उपनियम अनुसार ४५ दिनको प्रसूति बिदा, ७ दिनको प्रसूति स्याहार बिदा र १५ दिन किया बिदा प्रदान गर्दछ ।

**रोजगारी पछि कर्मचारी लाभहरू**

**परिभाषित योगदान योजनाहरू**

सहकारीमा परिभाषित योगदानका योजनाहरु हालसम्म व्यवस्था नभएको ।

**सामाजिक सुरक्षा कोष योगदान**

सहकारीमा हालसम्म सामाजिक सुरक्षा कोष व्यवस्था नभएको ।

**परिभाषित लाभ योजनाहरू**

परिभाषित लाभ योजनाहरू हालसम्म व्यवस्था नभएको ।

**अन्य दीर्घकालीन कर्मचारी लाभहरू**

सहकारीमा अन्य दीर्घकालीन कर्मचारी लाभहरू व्यवस्था नरहेको ।

**३.१३ पट्टाहरू**

सहकारी संस्थाले पट्टा भुक्तानीलाई खर्चको रूपमा रूपमा लेखाङ्कन गरेको छ ।

**३.१४ शेयर पूँजी र कोषहरु**

**शेयर पूँजी**

शेयर पूँजीले सहकारीमा शेष हितको प्रतिनिधित्व गर्दछ ।सहकारी ऐनको अनुसार, सदस्यहरूले सहकारीलाई आफ्नो स्वेच्छामा शेयर रकमफिर्ता मागगर्न सक्छन् ।NAS for MEsबमोजिम यस खालका शेयर दायित्वको रुपमावर्गीकरण गर्नुपर्छ । तर संस्थाले यसका लागि NFRS for SMEs मा भएको व्यवस्था अवलम्बन गर्ने निर्णय गरेको छ । NFRS for SMEs को दफा २२ को उपदफा २२.४(क) अनुसार स्वेच्छामा फिर्ता मागगर्न मिल्ने पूँजी पनि इक्वटीको रूपमा वर्गीकरणको लागि योग्य हुन्छन् । शेयरहरूको अंकित मूल्य रु. १०० रहेकोछ ।

**वैधानिक कोषहरू**

यस कोषमाकानूनद्वारा कायम रकम समावेश छन ।

**साधारण जगेडा कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार, आर्थिक वर्षको खुद नाफाको २५% साधारण जगेडा कोषमा स्थानान्तरण गरिन्छ । स्थिर सम्पत्तिको बिक्रीबाट प्राप्त हुने नाफा र सम्पत्तिसँग सम्बन्धित अनुदानमा परिशोधित स्थगित आम्दानी पनि यस कोषमा स्थानान्तरण गरिन्छ ।

**संरक्षित पूँजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको २५% संरक्षित पूँजी फिर्ता कोषमा स्थानान्तरण गरिएको छ ।

**सहकारी प्रवर्द्धन कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको ०.५% सहकारी प्रवर्द्धन कोषमा स्थानान्तरण गरिएको छ। यो कोष भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागद्वारा व्यवस्थापन गरिएको छ ।

**अन्य कोषहरू**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार, संस्थाको कानून, नियमावली र उपनियम बमोजिम सञ्चालक समितिको निर्णय अनुसार साधारण जगेडा कोष, संरक्षण पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा विनियोजन पछि बाँकी नाफाको रकम देहाय बमोजिम विनियोजन गरिएको छ ।

| प्रदिप पौड्याल | मोहन शर्मा पाण्डे | सिता कंडेल तरामु | भीम बहादुर थापा | बाबुलाल नेपाल |
|---|---|---|---|---|
| व्यवस्थापक | लेखा संयोजक | कोषाध्यक्ष | अध्यक्ष | लेखा परीक्षक |

**प्रयास बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

| विवरण | बाँडफाड |
|---|---|
| शेयर लाभाशं कोष | ६५ % |
| सहुलियत कर्जा लगानी कोष | ५ % |
| सहकारी शिक्षा कोष | ५ % |
| घाटा पुर्ति कोष | ५ % |
| सामुदायिक विकास कोष | ५ % |
| सदस्य राहत कोष | ५ % |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ % |
| कर्मचारी बोनस कोष | ५ % |
| **जम्मा** | १०० % |

**५ .सम्बन्धित पक्षको खुलासा**

**५.१ जोखिम व्यवस्थापन**

सहकारी संस्थाको व्यवसायीक क्रियाकलापमा जोखिम निहित रहेको हुन्छ । विशेष गरी, सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दछ । ग्रामीण घरपरिवारका मानिसहरूमा चेतना र व्यावसायिक सीपको कमी भएकोले, उनीहरूसँगको कारोबारमा लगनशीलता र हेरचाह आवश्यक पर्दछ। यस प्रकारको वित्तीय सेवा पनि बढी जोखिममा हुन्छ किनकि व्यक्तिलाई यस्ता सेवाहरूप्रति सचेत र सक्षम बनाएर वित्तीय सेवाहरू प्रदान गर्नुपर्छ । त्यसैले, सहकारी संस्थाले वर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई कम गर्न जोखिमको पहिचान गर्नुपर्छ र पर्याप्त नियन्त्रण प्रणाली अपनाउनु पर्दछ । प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्बन्धित जोखिमहरू समावेश गर्न बलियो जोखिम व्यवस्थापन क्षमताहरू अनिवार्य छन्, कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम र तरलता जोखिम पहिचान गर्न, नियन्त्रण र व्यवस्थापन गर्न लेखा सुपरिवेक्षण समिति जिम्मेवार छ । लेखा सुपरिवेक्षण समितिले दैनिक व्यवसाय सञ्चालनबाट उत्पन्न हुने विश्वव्यापी, बृहत्, सूक्ष्म र विभागीय स्तरको जोखिमको आवधिक रूपमा निरीक्षण गर्दछ र यसमा व्यवस्थापन र संचालक समितिको ध्यानाकर्षण गर्दछ र प्रतिवेदनहरू छलफल गरि उपयुक्त भएमा निर्देशन जारी गर्दछ ।

**लेखा सुपरिवेक्षण समितिः**

वार्षिक साधारण सभाद्वारा नियुक्त लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति हो, जसले जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र सहकारीको समग्र आन्तरिक लेखापरीक्षणको निरीक्षण गर्ने जिम्मेवारी बोकेको हुन्छ । समितिले सहकारी संस्थाले आफ्नो जोखिम र व्यावसायिक गतिविधिहरू, जोखिम व्यवस्थापन, अनुपालन ढाँचा, र निरीक्षण जिम्मेवारीहरू पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ। यसले अखण्डता, शुद्धता र व्यावहारिकता सुनिश्चित गर्न वित्तीय तथ्याङ्कको समय-समयमा समीक्षा गर्दछ। यसले व्यवसायको सुव्यवस्थित र विवेकपूर्ण आचरण सुनिश्चित गर्न आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ। समितिले समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा गर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्दछ । लेखा सुपरिवेक्षण समितिमा देहायका सदस्यहरू छन् ।

| स.न. | नाम | पद |
|---|---|---|
| १. | श्री मोहन शर्मा पाण्डे | संयोजक |
| २. | श्री यम बहादुर क्षेत्री | सदस्य |
| ३. | श्री दुर्गा देबी सारु | सदस्य |

**जोखिम सम्बन्धी सुशासन प्रणाली**

सहकारी संस्थाले उच्च स्तरमा संस्थामा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू लागू गर्दछ र नेतृत्वको मानसिकता, क्षमता अभिवृद्धि कार्यक्रमहरू, परिभाषित कार्य जिम्मेवारीहरू र नैतिक संस्कृति बसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति जगाएको छ । सञ्चालन जोखिम र कर्जा जोखिम सम्बन्धी नीतिहरू स्थापना र अनुपालनको लागि सञ्चालक समिति जिम्मेवार छ ।

| प्रदिप पौड्याल | मोहन शर्मा पाण्डे | सिता कंडेल तरामु | भीम बहादुर थापा | बाबुलाल नेपाल |
|---|---|---|---|---|
| व्यवस्थापक | लेखा संयोजक | कोषाध्यक्ष | अध्यक्ष | लेखा परीक्षक |

**प्रयास बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

सञ्चालक समितिले उत्कृष्ट अभ्यासहरू अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण, र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू निर्धारण गरेको छ र प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ । सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता संचालक समिति, यस अर्न्तगतका उप-समितिहरू, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ ।

**तरलता जोखिम**

तरलता जोखिम भनेको छोटो अवधिको वित्तीय मागहरू पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिम हो। यो सामान्यतया सुरक्षण वा सम्पत्तिलाई नगदमा रूपान्तरण गर्न असमर्थताको कारणले उत्पन्न हुन्छ। सामान्य र तनावपूर्ण दुवै परिस्थितिहरूमा नगद प्रवाहको समयमा बेमेलको परिणामस्वरूप, सहकारीले आफ्नो भुक्तानी दायित्वहरू पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारणले तरलता जोखिम उत्पन्न हुन्छ । भुक्तानीको लागी तरल सम्पत्तिहरुको सहकारीलाई स्वीकार्य सर्तहरूमा आवश्यक कोषउपलब्ध नभएकोअवस्थामा यस्ता परिस्थितिहरू उत्पन्न हुन सक्छन्। तरलताको अभावका कारण, संस्थाहरूले ग्राहकको माग अनुसार ऋण दिन सक्दैनर बचत र अन्य कानुनी दायित्वहरू समयमै चुक्ता गर्न सक्दैनन्। त्यसैले, सहकारी संस्थाले यस्तो अवस्थालाई रोक्नको लागि समयमै आफ्नो आवश्यकता अनुसार तरलता व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

**ब्याजदर जोखिम**

ब्याजदर जोखिम भनेको समग्र ब्याजदरमा परिवर्तनले ऋणपत्र वा अन्य निश्चित-दर लगानीको मूल्य घटाउने सम्भावना हो। सहकारीले ब्याजदरबाट उत्पन्न हुने जोखिमलाई कम गर्न निम्न उपायहरू अपनाउँछ:

ब्याजदरमा परिवर्तनबाट प्रभावित सम्पत्ति र दायित्वहरू मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ।

सम्पत्ति र दायित्वको भुक्तानीको अवधि नमिल्ने परिस्थितिमा भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात र नतिरेको ब्याज रकम समावेश गरिएको छ ।

**कर्जा जोखिम**

कर्जा जोखिम भनेको कुनै पनि ऋणीले स्वीकार गरेको सर्त अनुसार ऋण तिर्न नसक्ने सम्भावना हो । कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत भनेको ऋण हो । ऋणीले ऋण लिँदा सहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संस्थाको भविष्य खतरामा पर्छ । त्यसैले, जोखिममा रहेको ऋणको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक छ । लगानी गरिएको ऋणको नोक्सानी रोक्न र यससँग सम्बन्धित जोखिमहरूलाई कम गर्न, मानक ऋण वितरण मापदण्ड प्रक्रिया पालना गरिन्छ । ऋण स्वीकृत गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी तोकिएको हुनाले, सम्बन्धित कर्मचारीले वास्तविक जोखिम-मूल्याङ्कन गरेपछि ऋण स्वीकृत गर्नुपर्छ । जोखिम-मूल्याङ्कनको लागीदेहायका प्रक्रियाहरू/अभ्यासहरू पालना गरिएको छ ।

- माग गरिएको ऋणको आवश्यकता र चुक्ता क्षमताको विश्लेषण गर्ने,
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्ने,
- सदस्यहरूलाई बचत बढाउन प्रेरित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋण आवेदनको समयमा ऋणीले गरेको व्यवसाय र आम्दानी र खर्चको विवरण लिने,
- यदि धितो ऋण हो भने, सुरक्षित सम्पत्तिको आवश्यक कागजातहरू लिने,
- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्ने् र नोक्सान व्यवस्था मिलाउने,
- सहकारी संस्थाको उपनियम बमोजिमको सीमा भित्र ऋण वितरण गर्ने,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने ।

**सञ्चालन जोखिम**

सहकारी संस्थाको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । यसकार्यक्रम अन्तर्गत साना तर ठूलो संख्यामा कारोबार गरिएको छ, विकेन्द्रीकृत कार्य विधि अपनाइएको छ, क्षेत्र विस्तारमा बढी ध्यान दिइएको छ, लागत घटाउन प्राथमिकता दिइएको छ । एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभावमा कार्यक्रमहरूको विस्तार र ग्राहकहरूको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधिको अभावका कारण यस

| प्रदिप पौड्याल | मोहन शर्मा पाण्डे | सिता कंडेल तरामु | भीम बहादुर थापा | बाबुलाल नेपाल |
|---|---|---|---|---|
| व्यवस्थापक | लेखा संयोजक | कोषाध्यक्ष | अध्यक्ष | लेखा परीक्षक |

**प्रयास बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

कार्यक्रममा सञ्चालन जोखिमको सम्भावना सधैं रहन्छ । संस्थाले दैनिक कार्य सञ्चालनका लागि विभिन्न जिम्मेवारीहरू पूरा गर्न आवश्यक कर्मचारीहरूको व्यवस्था गरेको छ । सबै कर्मचारीहरूले संस्थाले तोकेको नीति नियम भित्र कार्य प्रक्रियामा आफ्नो पद जिम्मेवारी पूरा गर्नुपर्छ । सञ्चालन जोखिम आन्तरिक कारकहरूको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ ।

**बजार जोखिम**

बजार जोखिम भनेको बजार स्तरमा ब्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारी संस्थाको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावना हो ।

बजारको अवस्था तथा माग बुझेर सञ्चालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रमहरू आयोजना गर्दछन् र सोहि अनुरुप कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गर्छन् । यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ ।

**बजार विश्लेषणमा निम्न कुराहरू विचार गरिएको छः**

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र ब्याजदरहरूको बारेमा जानकारी
- संस्थाप्रति सदस्यहरूको दृष्टिकोण
- यस संस्थाप्रति अन्य संस्थाहरूको धारणा
- सेवाको लागत
- नीति नियमहरूमा परिवर्तनबाट हुने उतारचढावहरू
- अन्य संस्थाहरूले आफ्ना ग्राहकहरूलाई आकर्षित गर्न अपनाएका रणनीतिहरू
- ग्राहकले छोड्ने/रहने दर

**संस्थागत वा रणनीतिक जोखिम**

सहकारी संस्थाको विकास र प्रगतिको क्रममा रणनीतिक जोखिम प्रायः एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि संस्थाले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने अवलोकन गर्न सकिन्छ । संस्थागत जोखिम र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो । यो जोखिम व्यवस्थापन गर्न, तलका कुराहरू विचार गरिएको छः

- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरू तय वा परिमार्जन गरिएको छ,
- आफ्ना प्रतिस्पर्धीहरूले प्रदान गर्ने सेवाहरू र उनीहरूको स्थितिको बारेमा जानकार रहँदै,
- आफ्ना ग्राहकहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरू प्रदान गर्ने
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने,

**आन्तरिक नियन्त्रण जोखिम**

आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूबाट नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागू हुने कानून र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न संस्था प्रतिबद्ध छ । सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ ।

सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितालाई सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ । लेखा सुपरिवेक्षण समितिले वर्षभरि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ ।

**अनुपालन जोखिम**

जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्नका लागिसंस्था प्रतिबद्ध छ । यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ ।

| प्रदिप पौड्याल | मोहन शर्मा पाण्डे | सिता कंडेल तरामु | भीम बहादुर थापा | बाबुलाल नेपाल |
|---|---|---|---|---|
| व्यवस्थापक | लेखा संयोजक | कोषाध्यक्ष | अध्यक्ष | लेखा परीक्षक |

## प्रयास बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

### ५.२ वित्तीय सम्पत्ति र दायित्वहरूको उचित मूल्य

उचितमूल्य भनेको बजार-आधारित मापन हो, कुनै संस्था-विशिष्ट मापन होइन। केही सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन वा बजार जानकारी उपलब्ध हुन सक्छ। अन्य सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन र बजार जानकारी उपलब्ध नहुन सक्छ। यद्यपि, दुवै अवस्थामा वास्तविक मूल्य मापनको उद्देश्य एउटै हो - वर्तमान बजार अवस्थाहरू अन्तर्गत मापन मितिमा बजार सहभागीहरू बीच सम्पत्ति बेच्न वा दायित्व हस्तान्तरण गर्न व्यवस्थित लेनदेन हुने मूल्य अनुमान गर्नु हो ।

तलको पदानुक्रम अनुसार वास्तविक मूल्यहरू निर्धारण गरिन्छ:

क) उचित मूल्यको सबैभन्दा राम्रो प्रमाण भनेको सक्रिय बजारमा समान सम्पत्ति को लागि सूचिकृत मूल्य हो । यो सामान्यतया हालको बोली मूल्य हो ।

ख) सूचिकृत मूल्यहरू उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा सूचिकृत मूल्यहरूको लागि हालसालै गरिएको कारोबार उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा जानकार, इच्छुक पक्षहरू बीचको सामान्य बजार बिचको कारोबारमा समान सम्पत्तिको लागि हालसालै गरिएको कारोबारले सूचिकृत मूल्यको प्रमाण प्रदान गर्दछ ।

ग) यदि सम्पत्तिको बजार सक्रिय छैन र कुनै पनि बाध्यकारी बिक्री सम्झौताहरू वा समान सम्पत्ति (वा समान सम्पत्तिको) को हालसालैको लेनदेनहरू आफैंमा वास्तविक मूल्यको राम्रो अनुमान होइन भने, एक संस्थाले अर्को मूल्याङ्कन प्रविधि प्रयोग गरेर उचित मूल्यको अनुमान गर्दछ । मूल्याङ्कन प्रविधि प्रयोग गर्नुको उद्देश्य सामान्य व्यापारिक सर्न्दभद्वारा प्रेरित सामान्य बजार बिचको कारोबारको निमयमा मापन मितिमा लेनदेन मूल्य कति हुने थियो भनेर अनुमान गर्नु हो ।

### ५.३ सम्बन्धित पक्षको खुलासा

**संचालक र प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापकीय कर्मचारीहरूको सूची**

सञ्चालक समितिका सदस्यहरू, लेखा समिति र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूलाई संस्थाको सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ।

निम्न पक्षहरूलाई सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ:

| क.स.. | नाम | सम्बन्ध | नियुक्तिको मिति | अवकाश मिति |
|---|---|---|---|---|
| १ | श्री भिम बहादुर थापा | अध्यक्ष | २०८१.०६.१२ | २०८५.०६.११ |
| २ | ,, प्रकाशमणी खनाल | उपाध्यक्ष | २०८१.०६.१२ | २०८५.०६.११ |
| ३ | ,, तिर्थराज काफ्ले | सचिव | २०८१.०६.१२ | २०८५.०६.११ |
| ४ | ,, सिता कडेंल तरामु | कोषाध्यक्ष | २०८१.०६.१२ | २०८५.०६.११ |
| ५ | ,, इम बहादुर खडका | सदस्य | २०८१.०६.१२ | २०८५.०६.११ |
| ६ | ,, झबिन्द्र प्रसाद आचार्य | सदस्य | २०८१.०६.१२ | २०८५.०६.११ |
| ७ | ,, दिपक तिवारी | सदस्य | २०८१.०६.१२ | २०८५.०६.११ |
| ८ | ,, नारायण शर्मा | सदस्य | २०८१.०६.१२ | २०८५.०६.११ |
| ९ | ,, सिता श्रीस पुन | सदस्य | २०८१.०६.१२ | २०८५.०६.११ |
| १० | ,, सिता थापा | सदस्य | २०८१.०६.१२ | २०८५.०६.११ |
| ११ | ,, सुनिता गिरी | सदस्य | २०८१.०६.१२ | २०८५.०६.११ |
| १२ | ,, मोहन शर्मा पाण्डे | ले.सु.स.संयोजक | २०८१.०६.१२ | २०८५.०६.११ |
| १३ | ,, यम बहादुर क्षेत्री | ले.सु.स. सदस्य | २०८१.०६.१२ | २०८५.०६.११ |
| १४ | ,, दुर्गा देबी सारु | ले.सु.स.सदस्य | २०८१.०६.१२ | २०८५.०६.११ |
| १५ | ,, प्रदिप पौड्याल | प्रमुख कार्यकारी अधिकृत | २०८२.०३.१७ | २०८६.०३.१६ |

| प्रदिप पौड्याल | मोहन शर्मा पाण्डे | सिता कंडेल तरामु | भीम बहादुर थापा | बाबुलाल नेपाल |
|---|---|---|---|---|
| व्यवस्थापक | लेखा संयोजक | कोषाध्यक्ष | अध्यक्ष | लेखा परीक्षक |

## प्रयास बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८१/८२

**संचालकहरु र प्रमुख कार्यकारी अधिकृतसँगको कारोबार र भुक्तानी**

सञ्चालक समितिसंग सम्बन्धित भत्ता र सुविधा :

| विवरण | चालु वर्ष | गत वर्ष |
|---|---|---|
| बैठक भत्ता | १,५०,३००।०० | १,३३,७५०.०० |
| सञ्चार र इन्धन सुविधाहरू | ७२,०००।०० | ७२,०००।०० |
| दुर्घटना बीमा प्रिमियम (बीमा गरिएको रकमः | – | – |
| जीवन बीमा प्रिमियम (१० वर्षे जीवन बीमा) | – | – |
| कुल | २,२२,३००।०० | २,०५,७५०।०० |
| ऋण, पेश्की  र अन्य प्राप्य/भुक्तानीयोग्य रकमहरू | - | - |

व्यवस्थापकको पारिश्रमिक र सुविधाहरू (यस आ.व. ०८१/८२ मा ५ महिना मात्र कार्यरत रहेको)

| विवरण | चालु वर्ष | गत वर्ष |
|---|---|---|
| आधारभूत तलब | १,८५,०७६।– | ४,२३,०००।– |
| ग्रेड | ५,१३७।– | ६,४५६।– |
| भत्ताहरू | ११,३६१।– | २०,८२०।– |
| सञ्चय कोष | १५,९२४।– | ३९,३४८।– |
| चाँडपर्व खर्च | ३५,६५०।– | ३२,७८८।– |
| उपचार खर्च | - | - |
| संचित बिदा भुक्तानीहरू | २५,९५५।०० | - |
| पोशाक भत्ता | ७,०००।– | ७,०००।– |
| जीवन बीमा प्रिमियम | - | - |
| सवारी साधन सुविधा | - | - |
| कुल | २,७९,१०३।– | ५,२२,४१२।– |
| ऋण, पेश्की र अन्य प्राप्य/भुक्तानीयोग्य रकमहरू | - | - |

माथिका अतिरिक्त बाहेक, सहकारीले संस्थाको  वित्तीय नीति अनुसार भ्रमण  भत्ता जस्ता अन्य सुविधाहरू पनि प्रदान गर्दछ।

**५.४ मर्जर र प्राप्ति**

सहकारीले मर्जर वा प्राप्तिको लागि कुनै सम्झौता गरेको छैन।

**५.५ गैर-समावेशित संस्थाहरूको थप खुलासा**

सहकारीको कुनै सहायक र सहयोगी कम्पनीहरू छैनन्। त्यसैले, थप खुलासा आवश्यक छैन।

**५.६ रिपोर्टिङ मिति पछिका घटनाहरू**

नेपाल लेखामान (NAS १०) "रिपोर्टिङ अवधि पछि हुने घटनाहरू" अनुसार समायोजन आवश्यक पर्ने कुनै पनि घटनाहरू रिपोर्टिङ अवधि पछि अवलोकन गरिँदैन।

| प्रदिप पौड्याल | मोहन शर्मा पाण्डे | सिता कंडेल तरामु | भीम बहादुर थापा | बाबुलाल नेपाल |
|---|---|---|---|---|
| व्यवस्थापक | लेखा संयोजक | कोषाध्यक्ष | अध्यक्ष | लेखा परीक्षक |

# प्रयास बचत तथा ऋण सहकारी संस्था लि.

**बुटवल १२, तामनगर, रूपन्देही**

## १८औं वार्षिक साधारण सभामा आन्तरीक लेखा सूपरीवेक्षण समितिको प्रतिवेदन आर्थिक वर्ष २०८१/२०८२

आजको यस १८औं गरिमामय वार्षिक साधारण सभाका अध्यक्षज्यु, प्रमुख अतिथिज्यु, विशिष्ट अतिथिज्युहरु, अतिथिज्युहरु, संस्थाका सल्लाहकारज्युहरु, सञ्चालक समितिका पदाधिकारीज्युहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्युहरु, कर्मचारीहरु र सम्पुर्ण शेयरसदस्यज्युहरु एवम् शूभचिन्तकहरुमा मेरो व्यक्तिगत र संस्थाको लेखा सूपरीवेक्षण संयोजकको तर्फबाट सहकारीमय न्यानो अभिवादन व्यक्त गर्दछू ।

हामीले संस्थाको लेखा सूपरीवेक्षण समितिमा रहेर संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने कार्य सम्पन्न गरेका छौ । लेखा परीक्षणको सिलसिलामा देखिएका कैफियतहरु सूझावको रुपमा त्रैमासिक रुपमा सञ्चालक समितिलाई उपलब्ध गराएका छौं र संचालक समितिले पनि कैफियतहरु सूधार गर्न पहल गरेको छ । यस क्रममा हामीलाई सहयोग गर्ने सम्पुर्णमा हार्दिक धन्यवाद दिदै बूँदागत रुपमा प्रतिवेदन यहांहरु समक्ष पेश गरेका छौं ।

**१. अघिल्लो साधारण सभाको निर्णयको कायान्वयनको अवस्था :**

१७ औं वार्षिक साधारण सभाबाट भएका निर्णयहरु सञ्चालक समितिले अधिकांश सुझावहरु कार्यान्वियन गरेको पाइयो ।

**२. आ.व. २०८१/०८२ मा सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा अन्य विभिन्न उपसमितिको बैठक र निर्णयको कार्यान्वियनको अवस्था :**

१. सञ्चालक समिति : २६
२. लेखा सुपरीवेक्षण समिति : ६
३. ऋण लगानी उपसमिति : २३
४. धितो मूल्याङ्कन उपसमिति : ३० वटा (नयाँ २४ वटा र पुरानो ६ वटा)
५. शिक्षा उपसमिति : ३
६. महिला विकास उपसमिति : २
७. सामाजिक विकास तथा समन्वय उपसमिति : नभएको

बैठकबाट ऋण लगानीका साथ साथै संस्थासंग सरोकार रहने विविध विषयहरुमा छलफल गरी निणर्य लिने गरेको र सोही बमोजिम कार्यान्वयन गरेको देखिन्छ ।

**३. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी सङ्क्षिप्त विवरण :** विभागबाट जारी मापदण्ड पालना सम्बन्धमा अधिकांश मापदण्डहरु पालना गरेको देखिन्छ ।

**४. सहकारी कार्यालय, विभाग वा सम्बन्धित सङ्घले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :**

अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन तथा सुझावहरु कार्यान्वयन भएका छन् ।

**५. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरणः**

५.१ पारिश्रमिक : छैन

५.२ भत्ता : छ

५.३ अन्य सुविधा : छैन

**६. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरुः**

६.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको :भएको

६.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको : ल्याइएको

६.३ कर्मचारी भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धा भएको : भएको

६.४ कर्मचारी संख्या : ५जना (स्थायी ३, करार १ र आशिंक कालिन १)

**७. लेखा सुपरीवेक्षण समितिले यस अघि दिएको प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :** अधिकांश सुझावहरु कार्यान्वयन भएको

**८. लेखा सुपरीवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरुः**

८.१ लेखा परीक्षणका लागि आवश्यक सम्पूर्ण बिल, भरपाई, चारखाता, तमसुक, कम्प्युटर सफ्टवेयर खोजेको र मागेको बखत तुरुन्त पाइयो ।

८.२ संस्थाको कुल शेयर पुंजीः १,६४,१७,०००.००

सदस्य सङ्ख्या : १४३९ (महिलाः ८४६ , पूरुषः ५९३ )

बचत/निक्षेप :११,८१,५७,२७६.३३

ऋण लगानी : ९,७६,५१,६५७.९७

जम्मा आम्दानी : १,५९,६५,३६१.९६

जम्मा खर्चः १,१५,९१,६५७.७५

आयकर पछिको नाफा :४३,७३,७०४.२१

**९. लेखा सुपरीवेक्षण समितिले निरीक्षण गर्दा संस्थामा देखिएका सबल पक्षहरु :**

- चार बर्षिय (२०८१/०८२ देखि २०८४/८५) रणनीतिक योजना निर्माण गरी लागु गरिएको ।
- आफ्नो शेयर सदस्यहरुलाई प्रत्येक बर्ष सहकारी शिक्षा तालिम प्रदान गरिरहेको ।
- भवन निर्माणको प्रक्रिया शुरु गरी भवनको नक्शा पास भइसकेको ।
- शेयर सदस्यहरुको अध्ययन अवलोकन भ्रमणलाई निरन्तरता दिइरहेको ।
- विद्यार्थीहरुलाई वित्तिय साक्षरता कार्यक्रमलाई निरन्तरता दिइरहेको ।
- असल र अनुशासित रुपमा समयको पालना गर्ने ऋणी शेयर सदस्यलाई सहुलियत पूर्ण कर्जामा व्याज छुट (३%) दिइएको ।
- आर्थिक सहुलियत संस्थामा धेरै समयदेखि आवद्ध भई योगदान गरिरहनुभएका शेयर सदस्यलाई सेवा शुल्कमा निश्चित छुट र सहुलियत गरिएको ।
- ऋण माग भएको व्यक्तिलाई छिटो सेवा प्रदान गरिएको ।
- संस्थाको चिनारी डकुमेन्ट्रिमा निरन्तरता दिइएको ।
- संस्थाको बार्षिक कार्यक्रमहरु अधिकांश कार्यान्वयन भएको ।

**१०. लेखा सुपरीवेक्षण समितिको सुझावहरु :**

- भाखा नाघेको कर्जालाई प्रभावकारी असुली कार्यक्रम मार्फत असुल गरी शुन्य दरमा झार्ने व्यवस्था मिलाउनुहुन सुझाव छ ।

- ऋणको जोखिम कम गर्नका लागि ऋण विमा कार्यक्रम लागु गर्नहुन सुझाव छ ।
- प्रयास मोवाइल एप प्रयोगकर्ता सदस्यहरु बृद्धि गर्न सुझाव छ ।
- विभिन्न सहकारी संस्थाहरुको असल अभ्यासहरुको सिकाइका लागि उपर्युक्त तालिमको व्यवस्था मिलाउदा फलदायी हुने देखिन्छ ।
- यस संस्थाको अधिकांश कार्यविधिहरु लाई ऐन, नियम अनुसार संसोधित गर्नुपर्ने भएकोले उक्त कार्यविधिहरु सिघ्र संसोधित गर्न सुझाव छ ।
- संस्थाको धितो मुल्याङ्कन उपसमिति एकल संयोजक सदस्य मात्र रहेको हुँदा ३ सदस्य उपसमिति गठन गर्न सुझाव छ ।
- संस्थामा काम नलाग्ने सामाग्रीको रुपमा रहेको विभिन्न सम्पत्ति सामानहरुको लगत तयार तथा निरीक्षण गरी उल्लेखित सामाग्रीहरु लिलाम बिकी गरी राफसाफ गर्न सुझाव छ ।

अन्त्यमा, हामीलाई दिइएको जिम्मेवारी पुरा गर्दै संस्थामा भएको आर्थिक कारोबारहरुको यथार्थ परीक्षण र निरीक्षण गरी तपाई सम्पूर्ण शेयर सदस्यहरुको माझमा प्रस्तुत गरेका छौं । हामीले दिएका सूझावहरु ग्रहण गर्नुहुनेछ  भन्ने कुरामा हामी विश्वस्त छौँ । साथै, संस्थाको उन्नति र प्रगतिको निम्ति लागिरहनुहुने सञ्चालक समिति, सल्लाहकारहरु, विभिन्न उपसमितिहरु, कर्मचारीहरु, सम्पूर्ण शेयरसदस्य ज्यूहरु तथा शुभचिन्तकहरुलाई धन्यवाद ज्ञापन गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना सहित उपस्थित सम्पूर्णलाई आउँदै गरेको विजया दशमी, शुभदीपावली तथा छठ पर्वको पावन अवसरमा हार्दिक मङ्गलमय शुभकामनासहित यो लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन यही अन्त्य भएको जानकारी गराउँछु । धन्यवाद जय सहकारी । जय प्रयास ।

| | | |
|---|---|---|
| ........................... | ........................... | ........................... |
| **दुर्गा देवि सारु** | **यम बहादुर क्षेत्री** | **मोहन शर्मा पाण्डे** |
| सदस्य | सदस्य | संयोजक |



BAKHAN SINGH GURUNG
FOUNDER OF NEPALESE CO-OPERATIVES
नेपाली सहकारीका जन्मदाता



Robert Owen
सहकारीका पिता



## संस्थाबाट शेयर सदस्यका लागि प्रदान गरिने सेवाहरू

१. संस्थाको सम्पुर्ण शेयर सदस्यहरूलाई संस्थामा आवद्धता अवधिको आधारमा रू. २ लाखदेखि रू. ५ लाखसम्मको निःशुल्क दुर्घटना विमाको प्रावधान रहेको ।

२. संस्थाको सम्पुर्ण बालबचतकर्ताहरूको संस्थामा आवद्धता अवधिको आधारमा रू. १ लाखदेखि रू. ३ लाखसम्मको निःशुल्क दुर्घटना विमाको प्रावधान रहेको ।

३. शेयर सदस्यको मृत्यु भएमा सदस्यको धर्म संस्कार र परम्परा अनुसार शोकमा रहनु भएका सदस्य परिवारजनहरूमा समवेदना व्यक्त गर्न घर ठेगानामा गई निजको हकवाला/परिवारलाई राहत स्वरूप आवद्धता अवधिको आधारमा रू. १०,०००|- (अक्षरेपी दश हजार रूपैया मात्र) देखि रू. २५,०००|- (अक्षरेपी पच्चिस हजार रूपैया मात्र) राहत रकम प्रदान गर्ने व्यवस्था रहेको ।

४. संस्थाको सदस्यलाई प्राण घातक रोग लागेमा वा दुर्घटनामा परी अपरेशन गर्नु पर्ने भएमा तत्काल राहत ऋण स्वरूप तीन महिनाका लागि बढीमा रू. ५०,०००|- (पचास हजार) र्निब्याजी आकस्मिक ऋण प्रदान गर्ने व्यवस्था रहेको ।

५. शेयर सदस्यको घरपरिवारमा कुनै सदस्यको मृत्यु भएको अवस्थामा आवश्यक परेमा रू. ३०,०००|- (अक्षरेपी तीस हजार रूपैया मात्र) तीन महिना सम्मको लागि र्निब्याजी र त्यसपश्चात व्याज लाग्ने खालको आकस्मिक ऋण प्रदान गर्ने व्यवस्था रहेको ।

६. महिला शेयर सदस्यको शिशु जन्मदाको खुशियालीमा सदस्यको घर ठेगानामा गई शुभकामना तथा बधाई ज्ञापन गरी पौष्टिक आहार प्रदान गर्ने नवजात शिशुको निःशुल्क बाल बचत खाता खोल्ने र सो खातामा रू. १,०००|- (एक हजार मात्र) बराबरको जन्मदिनको उपहार स्वरूप संस्थाले रकम जम्मा गर्ने गरी प्रति शेयर सदस्य बराबर रू. २,०००|- प्रोत्साहन भत्ताको व्यवस्था गरिएको ।

७. शेयर सदस्यहरूले ऋण लिँदा लाग्ने व्यवस्थापन शुल्क र शेयर थप गर्दा लाग्ने शुल्कमा संस्थामा आवद्धता अवधिको आधारमा १०% देखि ३०% सम्म छुट प्रदान गर्ने व्यवस्था रहेको ।

८. शेयर सदस्यको उमेर ७० वर्ष पुरा भएको वा शेयर सदस्य आफैलाई प्राण घातक रोग लागेमा मासिक नियमित बचत अनिवार्य नभएको र शेयर सदस्यले चाहेमा न्युनत्तम शेयर राखि सदस्यता खारेजी नहुने गरी बचत तथा शेयरको रकम किस्ताबन्दी वा एकैपटक फिर्ता लिन सकिने व्यवस्था रहेको ।

९. संस्थामा निरन्तर रूपमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने ७० वर्ष वा सो भन्दा माथिका जेष्ठ नागरिकलाई संस्थामा आवद्धताका आधारमा विशेष सम्मानको व्यवस्था रहेको ।

१०. संस्थाको विभिन्न गतिविधिहरूमा उत्कृष्ट योगदान पुऱ्याउनु हुने उत्कृष्ट उद्यमी, उत्कृष्ट बचतकर्ता, सबै भन्दा बढी शेयर सदस्य विस्तार गर्ने सदस्य, वर्ष उत्कृष्ट सदस्य, बालबचतकर्ता, एकल महिला, जेष्ठ नागरिक शेयर सदस्य, वर्ष उत्कृष्ट संचालक, उपसमिति सदस्य र कर्मचारीलाई सम्मान तथा पुरस्कृत गरिने ।

११. सम्पूर्ण शेयर सदस्यहरूलाई लक्षित गरी निरन्तर रूपमा आधारभुत सहकारी शिक्षा तालिम प्रदान गरिने ।

१२. सहुलियतपूर्ण कर्जा नीतिअनुसार कृषि तथा पशुपन्छीजन्य व्यवसाय, उधोग र व्यापार क्षेत्रको प्रवर्धनका लागि शेयर सदस्यहरूलाई
आवश्यक कर्जा प्रवाह गर्ने साथै तीन प्रतिशत व्याज अनुदान रकम फिर्ता गर्ने व्यवस्था रहेको ।

१३. महिला सदस्यहरूलाई लक्षित गरी महिला सशक्तिकरण, उद्यमी बनाउनका लागि आवश्यक तालिम प्रदान गर्ने ।

१४. कार्यक्षेत्रभित्रका सामुदायिक विद्यालयका कक्षा ९-१२ का विद्यार्थीहरूलाई वित्तीय साक्षरता प्रदान गर्ने ।

१५. उद्यमी सदस्यहरूको उद्यमलाई प्रवर्द्धनका लागि उद्यम स्थलमा भेटघाट गर्ने ।

# आर्थिक वर्ष २०८१/०८२ मा दिवङ्गत हुनुभएका शेयर सदस्यहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।



जन्म: २०१०/०५/२९
मृत्यु: २०८१/०४/२९
स्व. सत्यनाराण थारु



जन्म: २०३४/१०/२३
मृत्यु: २०८१/०६/२
स्व. चुरामनी राना



जन्म: २०११/०२/३०
मृत्यु: २०८१/०८/३०
स्व. टिकाराम कंडेल



जन्म: २००१/०८/२५
मृत्यु: २०८१/१०/१२
स्व. दिल बहादुर थापा



जन्म: २०११/०४/०५
मृत्यु: २०८२/०१/२०
स्व. धनमाया थापा



जन्म: २०१०/०३/१७
मृत्यु: २०८२/०३/०१
स्व. हरिहर गुप्ता



जन्म: १९९०/०४/२९
मृत्यु: २०८१/१०/१३
स्व. धन बहादुर खत्री क्षेत्री

# साधारण सभाका लागि शेयर सदस्यको सुझाव

# साधारण सभाका लागि शेयर सदस्यको सुझाव

## सल्लाहकार


सूर्य बहादुर राना
संयोजक
९८४७०४६१९१


होमनाथ पौडेल
सदस्य
९८५७०४९०९४


इश्वरी प्रसाद रेग्मी
सदस्य
९८५७०१०१५३


देवराज पौडेल
सदस्य
९८४७०३१८८१


भगवती आचार्य
सदस्य
९८४७०८९१३५


हिरा कुमारी थापा
सदस्य
९८०४४६८०९२

## सामाजिक विकास तथा समन्वय उप-समिति


देविराम थापा कुंवर मगर
संयोजक
९८४७३९०२६८


धन ब. राहदी थापा
सदस्य
९८४७०२५०२७


एक बहादुर राना
सदस्य
९८०७४४८९७९

## सदस्य ऋण लगानी तथा असूली उपसमिति


पार्वती श्रेष्ठ
सदस्य
९८४७४८६१३५


प्रकाश भट्टराई
सदस्य
९८६७४७९०००

## सदस्य शिक्षा उपसमिति


हेमन कुमार बलाल
सदस्य
९८६७१७०२८४


तारा पौडेल मरासिनी
सदस्य
९७४६९४६४०३

## सदस्य महिला विकास उपसमिति


भगवती अर्याल
सदस्य
९८४७१५०७०३


गोमा पन्थी
सदस्य
९८४२९७७३२५

## कार्यालय कर्मचारी


प्रदिप पौड्याल
व्यवस्थापक
९८५७०११५४७


शेषदत्त थारू
ऋण अधिकृत
९७६२७३४५३१


निर्मला पौडेल
बजार प्रतिनिधि
९८६३७८७३६८


सुमन पौडेल
कार्यालय सहायक
९७६६८१९६१४


तुलसी पुरी
कार्यालय सहयोगी
९८४७३४६६८०



दिवंगत हुनुभएका शेयर सदस्य स्व. हरिहर गुप्ताको परिवारलाई रू. ५ लाखको दुर्घटना बिमा रकम प्रदान गर्दै



PRAYAS SMART APP
SAFE | SECURE | ANYTIME | BANKING
TV
QR
TOP up
Internet
NEA
Banking
load Walet
load fund
Broker
NTC
Ncell
Login
Mobile Number
Security Pin (MPIN)
Forgot PIN?
SIGN IN
Register
Products
Forex
www.prayascoop.com.np




विजयादशमी, शुभ दीपावली, नेपाल संवत तथा छठ पर्व २०८२
को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य, शुभचिन्तक एवं सम्पूर्ण नेपालीहरूमा
सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायू तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
भीम बहादुर थापा
अध्यक्ष एवं
प्रयास बचत तथा ऋण सहकारी संस्था लि.
Prayas Saving & Credit Co-operative society Ltd.
बुटवल उपमहानगरपालिका-१२ तामनगर, रुपन्देही